# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ९५ | काठमाडौं | सोमबार, ११ साउन २०८३ | Prabhab National Daily | Monday, 27 July 2026 | www .prabhabonline .com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# देउवा फर्केपछि शेखरलाई सभापति बनाउने तयारीमा संस्थापनइतर

- साउन २९ को राष्ट्रिय भेलामा देउवा आइपुग्ने संस्थापनइतरको दाबी
- देउवाकै नेतृत्वमा १५औं महाधिवेशन गरेर डा. शेखर कोइरालालाई सभापति बनाउने तयारी
- सभापति थापा इतर पक्षलाई तितरवितर बनाउने प्रयासमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** सभापति गगन थापाले वास्ता नगरेपछि नेपाली कांग्रेसका संस्थाइतर वैकल्पिक शक्ति निर्माणबारे छलफलमा जुटेको छ । चुनदेवीस्थित सम्पर्क कार्यालयमा संस्थापनइतरले यसबारे छलफल चलाएको हो ।

विशेष महाधिवेशनबाट सभापति बनेका थापालाई शेरबहादुर देउवापक्षका नेताहरूलाई केन्द्रीय समितिमा अटाउन पाँच बुँदे प्रस्ताव अघि सारेको थियो । तर थापाले यी मागबारे कुनै सुनुवाइ गरेका छैनन् । यसले पार्टी एक हुने सम्भावना एकदम कम हुँदै गएको संस्थापनइतरका एक नेताले बताए ।

'हामी सात महिनादेखि एकताको पर्खाइमा छौं । तर सभापति थापाले हामीलाई केही मतलब गर्नुभएको छैन । त्यसैले हामी देउवा दाइ आइपुग्नुभएपछि १५औं महाधिवेशन गर्ने तयारीमा छौं,' ती नेताले भने ।

गगन नेतृत्वको कांग्रेसले असोज १६ गते महाधिवेशन गर्ने तयारी गरेको छ । यसअघि नै संस्थापनइतरले महाधिवेशन गर्ने र डा. शेखर कोइरालालाई सभापति बनाउनेगरी विकल्प अघि बढाइएको छ । यसका लागि साउन २९ गतेको राष्ट्रिय भेलाले निर्णय गर्ने ती नेताको दाबी रहयो । 'राष्ट्रिय भेलामा महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यहरू सहभागी हुने छन्,' ती नेताले भने, 'त्यहाँ विभिन्न विकल्पमाथि छलफल हुने छ ।'

राष्ट्रिय भेलामा हडकडमा रहेका देउवा आइपुग्ने कांग्रेसका नेताहरू बताउँछन् । साउन ५ गते एक वक्ताव्य जारी गरी देउवाले छिट्टै नेपाल फर्कने बताएका थिए । आफू देश फर्कंदा सरकारले प्रतिशोधको भावना लिनसक्नेसमेत देउवाले बताएका थिए । 'सरकार प्रतिशोधात्मक र अलोकतान्त्रिक बन्न सक्छ, तर म नेपाली जनताको लोकतान्त्रिक चेतना, राष्ट्रप्रेम र न्यायप्रतिको विश्वासमाथि पूर्ण आस्था र समर्पण भाव राख्छु,' देउवाले भनेका छन्, 'राष्ट्रियता, प्रजातन्त्र र समाजवाद साथै संविधानवादको पक्षमा दृढतापूर्वक उभिन सम्पूर्ण राजनीतिक शक्ति, नागरिक समाज, युवा पुस्ता तथा आम नेपाली जनतासँग हार्दिक आग्रह गर्दै, आफ्नो निष्ठा, प्रतिबद्धता र समर्पणभावप्रति फेरि एक पटक विश्वास दिलाउँदै म स्वदेश फर्किंदै छु ।'

इतर समूहको बैठकले २९ साउनको राष्ट्रिय भेलालाई सफल बनाउन देशभर १६५ निर्वाचन क्षेत्रमा केन्द्रीय प्रतिनिधि खटाउने निर्णय गरेको छ । संस्थापन पेलेरै जाने देखेपछि पूर्वउपसभापति पूर्णबहादुर खड्काको नेतृत्वमा देउवापक्ष र शेखरपक्ष संघर्षमा उत्रेका हुन् । राष्ट्रिय भेला संयोजनको जिम्मेवारी प्रकाशमान सिंहलाई दिइएको छ । यो समूहमा खड्कासहित, सिंह, विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला, डा. शशांक कोइराला, डा. शेखर कोइराला, डा. प्रकाशशरण महत, शंकर भण्डारी, एनपी साउद, मोहन बस्नेत, जितजंग बस्नेतलगायत नेताहरूको लर्को छ ।

## इतर समूहलाई तितरवितर पार्दै गगन

१४औं महाधिवेशनपछि देउवा समूह र डा. शेखर समूहले हालीमुहाली थियो कांग्रेसमा । महामन्त्री बनेका निरन्तर संस्थापनसँग प्रश्न गर्ने गगन अहिले कांग्रेसको नेतृत्वमा छन् । विशेष महाधिवेशनबाट सभापतिमा चयन भएका उनै गगनसँग देउवा र कोइराला समूहका नेताहरू अहिले केन्द्रीय समितिमा उचित ठाउँ माग्दै संघर्षमा उत्रेका हुन् ।


फागुन २१ गतेको निर्वाचनपछि होटल स्मार्टमा जुट्दै आएका संस्थापनइतरलाई गगनले कमजोर बनाउँदै लगेको छ । कोषाध्यक्षमा देउवा टिमकै उमेश श्रेष्ठ मनोनीत भएका छन् । देउवा र शेखर समूहका १९ जनालाई केन्द्रीय सदस्यमा मनोनीत गरेपछि झनै कमजोर बनेको छ ।

क्रमशः पृष्ठ २ मा

एमबिएसको प्रश्नपत्र लिक प्रकरण

# 'सुलभ सर'को सहयोग बन्यो अपराध

- परीक्षा सुरू भएको छ मिनेटमै ह्वाट्सएपमा पुग्यो एमबिएसको प्रश्नपत्र
- 'सुलभ सर'ले प्रश्नपत्रसँगै उत्तरसमेत पठाएको स्क्रिनसट सार्वजनिक
- प्रश्नपत्र लिक प्रकरणमा शिक्षक सन्दीप सिंह पक्राउ
- प्रश्नपत्र कसरी चुहियो ? खोज्दै सिआइबी
- त्रिविको छानबिन समितिको निष्पक्षतामाथि प्रश्न
- त्रिविको परीक्षा र सुरक्षा प्रणालीमाथि गम्भीर बहस






हामी अहिले अनुसन्धानमै छौं । तर, प्रारम्भिक अनुसन्धानमा सुलभ सर भन्नेले ह्वाट्सएप ग्रुपमा प्रश्नपत्र र उत्तर पठाएको देखिएको छ । तर, उहाँले प्रश्नपत्र कसरी पाउनुभयो भन्ने विषयमा हाम्रो अनुसन्धान केन्द्रित छ ।

■ **अनुपशमशेर जबरा**
**एसएसपी तथा प्रवक्ता, सिआइबी**

■ जेबी योञ्जन

**काठमाडौं–** त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन संकायअन्तर्गत एमबिएस प्रथम सेमेस्टरको परीक्षा शुक्रबार दिउँसो १२ बजेदेखि थियो । करिब पाँच-छ मिनेटपछि नै प्रश्नपत्र बाहिरियो ।

'एमबिएस फर्स्ट सेम, सेक्सन सी' नामको ह्वाट्सएप समूहमा प्रश्नपत्रको पिडिएफ फाइल पोस्ट भयो । उक्त समूहमा एक हजार २३ जना सदस्य थिए । समूहको उद्देश्य नै 'हेल्प इच अदर' अर्थात् एक अर्कालाई सहयोग गरौं भन्ने थियो ।

प्रश्नपत्र पठाउने 'सुलभ सर' थिए । उनको ह्वाट्सएप अकाउन्टबाटै प्रश्नपत्र ग्रुपमा पठाइएको थियो । लगत्तै परीक्षार्थीहरूले देखे । एक परीक्षार्थीले लेखिहाले- सर सोलुसन नि पठाइदिनु न ।'

सुलभ सरले पठाइदिने भन्दै 'हस्' भने । उनीसँग परीक्षार्थीहरूले पेपरवाइज उत्तर मागे । क्षणभरमै प्रश्नका उत्तरहरू फोटोमार्फत समूहमा पठाए । त्यसको स्क्रिनसट सार्वजनिक भएको छ । त्यसले थप पोल पनि खुलेको छ । 'सुलभ सर'ले परीक्षाअघि नै परीक्षामा सोधिने प्रश्नहरू भनेको तथ्य बाहिरिएको छ ।

एक जना परीक्षार्थीले ह्वाट्सएपमै लेखेका छन्, 'आज पनि तपाईंले भन्नुभएकै आयो । तर, मैले बिर्सें ।' सुलभ सर झनै हौसिँदै भन्छन्, 'इकोको पनि दिन्छु, राम्रोसँग हेर्नुहोला ।' समूहमा रहेका एक परीक्षार्थीले खुसी हुँदै भन्छन्, 'हामी जब होल्डर्सका लागि बेस्ट ग्रुप भयो यो त । सेलेक्टिभ क्वेस्चन्स पढ्दा पनि आज ९५ गरें मैले ।'

यो संवादले प्रश्नपत्र र सम्भावित 'गेस पेपर'बीचको सम्बन्धबारे पनि प्रहरी अनुसन्धान आवश्यक रहेको देखाउँछ । अर्कोतर्फ यो तथ्यले छनोट गरिएका प्रश्न उपलब्ध गराउने नियमित अभ्यास भइरहेकोतर्फ आशंका उब्जाएको छ । जबकि, सामान्य प्रक्रिया अनुसार परीक्षा केन्द्रमा प्रश्नपत्र सिलबन्दी अवस्थामा पठाइन्छ । परीक्षा सुरु हुनुअघि केन्द्राध्यक्षको रोहवरमामात्रै खोलिन्छ । त्यसपछि परीक्षार्थीलाई वितरण गरिन्छ ।

तर, परीक्षा सुरु भएको केही मिनेटमै प्रश्नपत्र सामाजिक सञ्जालमा पुग्नुले सुरक्षा प्रणालीको कुनै न कुनै तहमा गम्भीर कमजोरी भएको देखाउँछ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) अनुपशमशेर जबराले अनुसन्धानको मुख्य विषय नै प्रश्नपत्र 'सुलभ सर'सम्म कसरी पुग्यो ? भन्नेमै केन्द्रित रहेको बताए ।

उनले प्रभावसँग भने, 'हामी अहिले अनुसन्धानमै छौं । तर, प्रारम्भिक अनुसन्धानमा सुलभ सर भन्नेले ह्वाट्सएप ग्रुपमा प्रश्नपत्र र उत्तर पठाएको देखिएको छ । तर, उहाँले प्रश्नपत्र कसरी पाउनुभयो भन्ने विषयमा हाम्रो अनुसन्धान केन्द्रित छ ।'

प्रारम्भिक अनुसन्धानपछि प्रहरीले कैलालीको घोडाघोडी नगरपालिका-११ घर भई भक्तपुर बस्ने ३३ वर्षीय सन्दीप सिंहलाई पक्राउ गरेको छ । उनी कोटेश्वरस्थित हिमालयन कलेज र काठमाडौं मोडेल कलेज (केएमसी) बागबजारमा फाइनान्स विषय अध्यापन गर्ने शिक्षक रहेको प्रहरीले जनाएको छ ।

सिआइबीले सिंहविरुद्ध शिक्षा ऐन, २०२८ अन्तर्गत अनुसन्धान अघि बढाएको छ । सुरूमा दुई जनालाई नियन्त्रणमा लिइए पनि एक जनाको संलग्नता पुष्टि नभएपछि उनलाई रिहा गरिएको सिआइबीले जनाएको छ ।

प्रश्नपत्र सार्वजनिक भएपछि त्रिवि व्यवस्थापन संकायको डिन कार्यालयले साइबर ब्युरोलाई औपचारिक पत्राचार गरेको थियो । त्यहाँ भनिएको छ, 'एमबिएस प्रथम सेमेस्टरको अर्गनाइजेसनल बिहेभियर विषयको प्रश्नपत्र विभिन्न ह्वाट्सएप समूहमा साझा भएको विषयमा यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।'

डिन कार्यालयले संलग्न व्यक्ति, संस्था र परीक्षा केन्द्र पहिचान गरी कानुनी कारबाही गर्न आग्रह गरेको छ । घटनापछि व्यवस्थापन संकायले प्रा.डा. अच्युत ज्ञवालीको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**


# दक्षिण कोरियामा अत्यधिक तापक्रमले 'आउटडोर' कामदार प्रभावित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालीहरूको आकर्षक रोजगार गन्तव्य दक्षिण कोरिया तातो लहरको चपेटामा परेको छ । पछिल्लो साता ४० डिग्री सेल्सियसको निरन्तरको तातो लहरले मृत्यु हुनेहरूको संख्या बढेको जनाइएको छ ।

कोरियाली समाचार संस्था द चोसुन डेलीका अनुसार रोग नियन्त्रण तथा रोकथाम एजेन्सी (केडिसिए)ले शनिबारसम्म देशभर गर्मीजन्य समस्याका एक हजार ३०१ वटा घटना रिपोर्ट गरेको थियो । जसमा छ जनाको मृत्यु भएको थियो । आइतबार थप पीडित र मृत्युका घटना दर्ता भएपछि गर्मीको असर अझ बढ्ने अनुमान गरिएको छ ।

पछिल्लो घटनामा आइतबार बिहान करिब ४:०४ बजे उत्तर जिओल्ला प्रान्तमा एक जना १०० वर्षीया महिला खेतमा मृत फेला परेको समाचारमा भनिएको छ । अग्नि नियन्त्रकहरूले उनको शरीरको तापक्रम पत्ता लगाउँदा ४२.२ डिग्री सेल्सियस रहेको जनाइएको छ ।



त्यस्तै, शनिबार दक्षिण जिओल्ला प्रान्तको हचानेम-गुन, ह्वासान-म्योनमा खेतमा काम गरिरहेका करिब ३० वर्षीय थाई नागरिक बेहोस भएपछि उनको पनि मृत्यु भएको थियो । रिपोर्टका अनुसार उनी घाममा काम गर्दा टाउको दुखेको महसुस गरिरहेका थिए र घर फर्केर आराम गर्नुअघि बेहोस भएका थिए ।

जुलाई २३ मा साचेओन, साउथ ग्येओन्गसान्ग प्रान्तमा एक जना ९३ वर्षिय पुरुष धान खेतमा बेहोस अवस्थामा फेला परे । उनलाई नजिकैको अस्पताल लगिए पनि २५ तारिखमा उनको मृत्यु भएको थियो । २६ तारिखको दिउँसो एक बजे दक्षिण जिओल्ला प्रान्तको ह्वासुन-गुनमा ८० वर्षीय व्यक्ति खुर्सानीको खेतमा बेहोस भेटिएका थिए ।

क्रमशः पृष्ठ २ मा

'अव्यावहारिक कानुन नबदलिए व्यवसाय बन्द गर्न बाध्य हुन्छौं'

(अन्तर्वार्ता पृष्ठ ४ मा)



**डिकबहादुर खत्री**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ


# सूचना

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको २०८३ साल साउन २९ गते हुने साधारणसभासहितको अधिवेशनमा सहभागी हुन इच्छुक सम्पूर्ण सदस्य संस्थाहरूलाई २०८३ साल साउन १९ गतेभित्र आफ्नो प्रतिनिधिको नामावली तथा आवश्यक कागजात मञ्चको कार्यालय वा निम्नलिखित सम्पर्क व्यक्तिमध्ये कुनै एकलाई अनिवार्य रूपमा बुझाउन हार्दिक अनुरोध गरिन्छ ।

**आवश्यक कागजातहरू :**

- प्रतिनिधि छनोटको निवेदन ।
- इजाजतपत्र तथा शेयर लगतको प्रतिलिपि ।
- प्रतिनिधिको नागरिकताको प्रतिलिपि तथा २ प्रति पासपोर्ट साइज फोटो ।
- तोकिएको लेवी बुझाएको प्रमाण ।

**सम्पर्क व्यक्तिहरू :**

| | |
|---|---|
| मुक्तिनाथ अधिकारी :- ९८५१०३१६५६ | राजेन्द्र भण्डारी :- ९८५१००८१५७ |
| दलबीर भण्डारी :- ९८५११८०१८२ | सरिता घले :- ९८४१३७८६०४ |
| मीलन कट्टेल :- ९८५१०२१७५६ | नरेश गेलाल :- ९८०१०३९४८७ |
| गोबीन्द कटुवाल :- ९८५१११७६३८ | सोम तामाङ :- ९८५१००७९८८ |
| श्यामचन्द्र खतीवडा :- ९८०१०५५७२१ | वैकुण्ठ पौडेल 'बैभव' :- ९८५१०७८५२४ |
| राजेन्द्र बस्नेत :- ९८५१०३८०६५ | मदन पौडेल :- ९८५१००१२०७ |
| रोहन पौडेल :- ९८६१११७३७२ | आनन्द कोइराला :- ९८५१०६४२७० |
| राजेन्द्र अधिकारी :- ९८५१२२८९४६ | दीपक आचार्य :- ९८५११४४१८५ |
| शिवहरी मैनाली (शीतल) :- ९८५१००३८२१ | डण्डपाणी भट्टराई (दिलीप) :- ९८५१००९९४६ |
| देउमान नेम्वाङ (डी.एम. सुबा) :- ९८४११३५५३५ | |

**नोट** : २०८३ साल साउन १९ गतेपछि प्राप्त हुने प्रतिनिधि सम्बन्धी आवेदन तथा कागजातलाई मान्यता दिइने छैन ।

**जनक रावल**
**अध्यक्ष**

**प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल**
**गौशला-८, पिंगलास्थान, काठमाडौं, फोन : ०१-४४६४३०१**

# बाल साहित्यका सात कथा संग्रह एकसाथ सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** बाल साहित्यसम्बन्धी सातवटा पुस्तक एकसाथ सार्वजनिक गरिएका छन् । हामी दाजुभाइ, ब्रिटिस काउन्सिल र बाल वांमय तथा अनुसन्धान केन्द्रले आइतबार यहाँ संयुक्तरूपमा आयोजना गरेको कार्यक्रममा शिक्षाविद् एवं त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्रा. केदारभक्त माथेमालगायतले बाल कथा संग्रह सार्वजनिक गरेका हुन् ।

सो अवसरमा शान्ति सापकोटाको 'मितिनी,' सञ्जोग ठकुरीको 'ममीघर,' हंसावती कुर्मीको 'इन्द्रेणी,' सुशीला तामाङको 'आइतीको बिहे,' अस्मिता बादीको 'हैतमाको हिम्मत,' बिना थिङको 'नामको कथा' र संगीता उराँवको 'सुर्जीको उज्यालो' गरी सातवटा कथा संग्रह सार्वजनिक गरिएका थिए ।

कार्यक्रममा शिक्षाविद् माथेमाले लामा वाक्यका पुस्तक पनि बालबालिकालाई पढाएर बौद्धिक क्षमता विकासमा सहयोग गर्नुपर्ने बताए । जसले पढ्छ, उसको ज्ञानको क्षितिज फराकिलो हुने भएकाले त्यसतर्फ बालबालिकालाई अग्रसर गराउनुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा बाल साहित्यकार प्रमोद प्रधानले हिमाल, तराइ र पश्चिमी नेपालको कथा बाल साहित्यमा कम लेखिएको बताए । कार्यक्रममा प्रा.डा. तारानिधि भट्टराई, केन्द्रका अध्यक्ष अनन्त वाग्ले, स्रस्टा गंगा कर्माचार्य पौडेल, कलाकार अनामिका गौतम, सामाजिक अभियानकर्मी गौरी नेपाली, ब्रिटिस काउन्सिलकी युक्ता खड्का आचार्य, विद्यालय तहका बालिकाद्वय सरला आचार्य र प्रिया थापालगायतले बाल साहित्यमा कथा विधाको अवस्थाका बारेमा प्रकाश पारेका थिए ।

# विश्व आदिवासी दिवस खुलामञ्चमा मनाउने तयारी

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल आदिवासी जनजाति महासंघले यही साउन २४ गते ३२औं विश्व आदिवासी दिवस खुलामञ्चमा मनाउने भएको छ । महासंघले यस वर्षको आदिवासी दिवसलाई आदिवासी जनजातिको अधिकार, पहिचान, भाषा, संस्कृति र आत्मनिर्णयको आवाजलाई विश्वसामु प्रस्तुत गर्ने अभियानका रूपमा मनाउन लागेको जानकारी दिएको छ ।

महासंघका अध्यक्ष निमा हयोल्मो लामाले खुलामञ्चमा करिब ३५ हजार आदिवासी जनजातिको सहभागितामा दिवसलाई अधिकार प्राप्तिको सशक्त आन्दोलनका रूपमा स्थापित गर्ने तयारी भइरहेको जानकारी दिए । उनका अनुसार यो कार्यक्रमले नेपालका आदिवासी जनजातिको एकता, विविधता र साझा अधिकारको सन्देश राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसम्म पुर्‍याउने छ ।

'यो पटकको कार्यक्रम विश्वलाई एउटा सन्देश दिने किसिमले तयारी गरिरहेका छौं,' महासंघका उपाध्यक्ष तथा प्रचारप्रसार समितिका संयोजक अमृतबहादुर सुनुवारले भने । उनका अनुसार यसपटक आदिवासी दिवस सांस्कृतिक र खानाका परिकारहरूको महोत्सवको रूपमा आयोजना हुने छ ।

महासंघका अनुसार तयारीलाई प्रभावकारी बनाउन २०१ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ । विभिन्न जातीय सदस्य संस्था, प्रदेश तथा जिल्ला समन्वय समितिहरू, युवा, महिला, विद्यार्थी तथा सांस्कृतिक समूहहरू कार्यक्रमको तयारीमा सक्रियरूपमा जुटेका छन् ।

पृष्ठ १ बाट क्रमशः

## सुलभ सर...

समितिमा सहप्राध्यापक पुष्कर रैखला र सहप्राध्यापक महेशराज ओझा सदस्य छन् । समितिलाई सात कार्यदिनभित्र प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ ।

समितिका संयोजक ज्ञवालीले छानबिन सुरु भइसकेको बताए । सिआइबीसँग समन्वय गरेर विवरण संकलन गरिरहेका रहेको र सम्बन्धित परीक्षा केन्द्र पनि ट्र्याकिङ भइसकेको पनि उनको भनाइ छ । तर, छानबिन समितिमाथि नै प्रश्न उठ्न थालेको छ । परीक्षा केन्द्र निर्धारण गर्ने अधिकार डिन कार्यालयसँग हुने भएकाले प्रश्नपत्र चुहावटमा व्यवस्थापनपक्षकै कमजोरी हुनसक्ने आशंका कतिपयको छ । यससँगै डिन कार्यालयले गठन गरेको समितिले निष्पक्ष छानबिन गर्न सक्छ कि सक्दैन भन्ने प्रश्न पनि उठेको छ ।

घटना सार्वजनिक भएपछि शिक्षामन्त्री सस्मित पोखरेलले नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीसँग छलफल गरेका थिए । उनले घटनालाई गम्भीररूपमा लिँदै दोषीलाई तत्काल पक्राउ गर्न निर्देशन दिएका थिए । परीक्षा प्रणालीको सबैभन्दा महत्त्वपूर्ण पक्ष गोपनीयता हो । परीक्षा सुरु भएको केही मिनेटमै प्रश्नपत्र हजारभन्दा बढी सदस्य रहेको ह्वाट्सएप समूहमा पुग्नु सामान्य कमजोरी होइन । यस घटनाले त्रिभुवन विश्वविद्यालयको परीक्षा व्यवस्थापन, प्रश्नपत्रको सुरक्षा प्रणाली, परीक्षा केन्द्रको निगरानी र डिजिटल माध्यमबाट हुने अपराध नियन्त्रणका विषयमा गम्भीर प्रश्न खडा गरेको छ ।

■■■

## देउवा फर्केपछि...

यो बीचमा गगनले पूर्णबहादुर खड्का र डा. शेखरलाई 'वरिष्ठ नेता'को अफरसमेत गरेका थिए । यही बीचमा कांग्रेस संस्थापनले किशोरसिंह राठौरदेखि नैनसिंह महरसम्मका दर्जन देउवापक्षका नेताहरूलाई केन्द्रीय समितिमा ल्याउने तयारी गरेको छ । यो समितिमा नभए १५औं महाधिवेशनमा भए पनि यी दुई नेतालाई पदाधिकारीमा समेट्ने तयारी संस्थापनपक्षले गरेको छ ।

देउवापक्षमा प्रदेश सभापतिसहित ५० भन्दा बढी जिल्ला सभापति भए पनि अहिले विस्तारै गगनपक्षमा आएको छ। संस्थापनपक्षका एक नेताका अनुसार कर्णाली प्रदेशका प्रदेश सभापति ललितजंग शाही र चार जिल्ला सभापतिमात्र इतरपक्षमा खुलेका छन्। संस्थापनइतरका नेता मीनबहादुर विश्वकर्मा अहिले केन्द्रीय निकाय गगनकै नेतृत्वमा भएकाले जिल्ला सभापतिहरूलाई यो पक्ष र त्यो पक्ष भन्न नमिल्ने बताउँछन् । 'जिल्लामा पहिलेकै संख्यामा जिल्ला सभापतिहरू हाम्रो पक्षमा हुनुहुन्छ । तर अहिले नेतृत्वको हुकुमी शैलीका कारण नखुल्नुभएको हो,' विश्वकर्माले भने।

संस्थापनले वैकल्पिक शक्तिको आधार तय गर्न राष्ट्रिय भेला गर्न लागेको र आधाभन्दा बढी कार्यकर्ताको साथ रहेको नेताहरू बताउँछन् । कांग्रेसमा क्रियाशील अद्यावधिक नगर्नेको संख्या साढे तीन लाख भएको संस्थापनइतरको दावी छ। त्यसैगरी प्रजातान्त्रिक समाजवाद सिद्धान्त बनाउँदै आएको कांग्रेसले अहिले सामाजिक लोकतन्त्रलाई अँगाल्नु राष्ट्रिय स्वतन्त्र पार्टीको पछि लागेको पुष्टि भएको विश्वकर्माले आरोप लगाए। गगन नेतृत्वको कांग्रेस १५औं महाधिवेशनमा प्रतिस्पर्धा नगर्ने हिसाबले अघि बढेकोले धेरै देउवापक्षमा फर्कने उनीहरू बताउँछन् ।

■■■

## दक्षिण कोरियामा...

उद्धार गरेपछि मापन गर्दा उनको शरीरको तापक्रम ४०.४ डिग्री सेल्सियस थियो । उनी बेहोस हुनुमा गर्मीजन्य कारण भए नभएको अनुसन्धान भइरहेको जनाइएको छ । दक्षिण जिओल्ला, उत्तर ग्यान्साङ, दक्षिण ग्यान्साङ र डेगूजस्ता दक्षिणी क्षेत्रहरूमा गम्भीर 'हिट वेभ'को चेतावनी जारी गरिएको छ । तापक्रम ३८ डिग्री सेल्सियसभन्दा बढी भए यस्तो चेतावनी दिइँदै आएको छ । उच्च तापक्रमका कारण सबै उमेर समूहका व्यक्तिहरू उत्तिकै प्रभावित भए पनि ४० को दशकका मानिसहरू बढी प्रभावित भएको पाइएको छ ।

आइतबार कोरियाको मौसम विभाग र स्थानीय अग्नि प्राधिकरणले दिनको समयमा तापक्रम बढ्दै गएसँगै मानवीय क्षति बढ्दै गएको जनाएको छ । साउथ ग्येओन्गसाङ प्रान्तको याङसान भन्ने स्थानमा ३९.३ डिग्री सेल्सियस तापक्रम दर्ता भएको जनाइएको छ । जुन २००८ मा मौसम अवलोकन सुरु भएयता सबैभन्दा उच्च भनिएको छ। काङ्वोन प्रान्तका पहाडी क्षेत्रबाहेक देशका अधिकांश क्षेत्रमा पोल्नेगरी गर्मी अनुभव भएको समाचारमा जनाइएको छ । हिट वेभसम्बन्धी घटना खेत, धानबाली, निर्माणस्थल, माछा मार्ने जहाजजस्ता आउडडोर कार्यस्थलमा भएको र त्यसमा काम गर्नेहरू बढी प्रभावित हुने गरेको जनाइएको छ । अत्यधिक तापक्रमले पशुचौपायाको मृत्यु पनि बढाएको समाचारमा भनिएको छ । स्थिति खराब भएपछि, स्थानीय सरकारले आपत्कालीन प्रतिक्रिया प्रणाली सक्रिय पारेको भनिएको छ ।

मौसमविद्हरूले आगामी दिनमा अधिकांश क्षेत्रको तापक्रम ३५ डिग्री सेल्सियसभन्दा बढी पुग्ने सम्भावना रहेकाले दिनको सबैभन्दा तातो समयमा बाहिरी गतिविधि नगर्न, आवश्यक कामका लागि मात्र बाहिर जान र हाइड्रेटेड रहन भनेका छन् । कोरियामा हाल ४६ हजार ६०० भन्दा बढी नेपाली श्रमिक कार्यरत रहेको तथ्यांक छ। उच्च तापक्रमका कारण सबैभन्दा धेरै प्रभावित बनेको जिओल्ला क्षेत्रमा विशेषगरी फिलिपिन्स, भियतनाम, थाइल्यान्डलगायत मुलुकका श्रमिक कार्यरत रहे पनि नेपालीहरूको संख्या उल्लेख्य रहेको बुझिएको छ ।


### कर्मचारी नरहेको सम्बन्धी सूचना

यस Jassim Trading & Services Pvt. Ltd. (ई.प.नं. ३३२/०५९/०६०) मा कार्यरत **शैनी कुमार चौधरी** (ना.प्र.प्र.नं.०५-०१-६९-०४६८४) यहि मिति : १०/०४/२०८३ बाट यस प्रा.लि. मा नरहेको हुनाले निजबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Jassim Trading & Services Pvt. Ltd.**
Near Katyayani Temple, Kathmandu-31, Nepal, Tel.: 01-5923322, 5923323 / 9805678135, 9805678136, Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०४/११ गते**

यस कम्पनीको मिति २०७५/०४/०९ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **रातो गुराँस सुमो यातायात प्रा.लि.**को नाम परिवर्तन गरी **लालिगुराँस सुमो सेवा प्रा.लि. (दर्ता नम्बर १९०९२०)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७५/०४/२४ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कर्मचारी नरहेको सम्बन्धी सूचना

यस Chandra Kamana Manpower Pvt. Ltd. (ई.प.नं. १४०५/०७४/७५) मा इन्टरनेशनल मार्केटिङ डिरेक्टर पदमा कार्यरत प्रो. मतलुव राइन (ना.प्र.प्र.नं.९८८९४०३५) र रिसेप्सनिस्ट पदमा कार्यरत मनिसा पौडेल (ना.प्र.प्र.नं.३६-०१-७६-०११८६) यहि मिति : १०/०४/२०८३ बाट यस प्रा.लि. मा नरहेको हुनाले निजबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)**
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, Bhupendra Lal Karna (9802358805)
Bhupendra lal Karna : +9779802358805, E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
लिक्वीडेटर कार्यालयको
हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०४/२१ मा दर्ता भएको **प्रा. लि. नं. २३५६८७** को **ऐना मल्टिमिडिया एण्ड रिसर्च सेन्टर प्रा. लि.** को मिति २०८३/०४/०४ गतेको वार्षिक साधारणसभाको विशेष निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्वीडेशनमा लैजान निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम बाँकी बक्यौता लेनदेन आदि भएमा हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अधिवक्ता संजय कुमार शाह**
**(लिक्वीडेटर) इजाजत पत्र नं. ३६१**
**बिजुलीबजार, काठमाडौं, फोन नं. ९८४१४४९३३८**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७९/०८/१२ मा दर्ता भएको **मेडिलाईट फर्मा एण्ड क्लिनिक प्राइभेट लिमिटेड (प्रा. लि. नं. ३०२६२२)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उत्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### ओमनमा रोजगार

कम्पनी : AL MASER TRADING SPC
पूर्व स्वीकृति मिति : २०८२/०७/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/१० LT. No. 333265 चलानी नं. ६०२४६९७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDOOR CLEANER | 10 | 0 | 100 | ४०,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १८ गते (3rd Aug. 2026) मा हुनेछ ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

### कर्मचारी हटाईएको सम्बन्धमा

सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Rasuwa Overseas Pvt.Ltd** (ई.प.नं.११३०/०७३/०७४) मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| S. N | Name | Post | Citizenship No |
|---|---|---|---|
| 1 | Sushmita Basnet | Receptionist | 29-12-76-00049 |
| 2 | Sanjila Rana Magar | Documentation Officer | 44-01-71-01334 |
| 3 | Tara Phuyal Dahal | Office Girl | 22-01-70-02849 |

**Rasuwa Overseas Pvt. Ltd.**
Airport, Kathmandu, Nepal, Tel.: 01-5906439/5906448, Suresh Lama 9801300074 / Dawa Lama 9742546470, Dinesh Lama 9851354485 / E-Mail : rasuwaoverseas@gmail.com, Website : www.rasuwaoverseas.com


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, ११ साउन, २०८३**

| | |
|---|---|
| **मेष** | आत्मविश्वास बढ्ने दिन छ । नयाँ कामको सुरुवात वा पुराना योजना अघि बढाउन अनुकूल समय रहनेछ । |
| **वृष** | आर्थिक पक्षमा सुधारको संकेत छ । परिवारसँगको सम्बन्ध सुमधुर, खर्चमा संयम अपनाउनु राम्रो हुन्छ । |
| **मिथुन** | बौद्धिक क्षमता र संवाद कौशलले सफलता दिलाउन सक्छ । साना विवादबाट टाढा रहनु हितकर हुनेछ । |
| **कर्कट** | काममा धैर्य अपनाए राम्रो परिणाम प्राप्त हुनेछ । स्वास्थ्य र खानपानमा विशेष ध्यान दिनुहोस् । |
| **सिंह** | मान-सम्मान बढ्ने सम्भावना छ । मित्र तथा सहकर्मीबाट सहयोग प्राप्त हुनेछ । |
| **कन्या** | अधुरा काम पूरा हुने सम्भावना छ । व्यवसाय तथा रोजगारीमा सकारात्मक अवसर प्राप्त हुन सक्छ । |
| **तुला** | यात्रा वा नयाँ योजना बन्न सक्छ । निर्णय गर्दा हतार नगरी सोचविचार गरेर अघि बढ्नु उचित हुनेछ । |
| **वृश्चिक** | चुनौती आए पनि धैर्यले सफलता दिलाउनेछ । आर्थिक कारोबारमा सावधानी अपनाउनु राम्रो हुन्छ । |
| **धनु** | साझेदारीका काममा सफलता मिल्ने योग छ । पारिवारिक वातावरण सुखद रहनेछ । |
| **मकर** | मेहनतको उचित प्रतिफल प्राप्त हुनेछ । स्वास्थ्यमा सामान्य थकान, आरामलाई पनि समय दिनुहोस । |
| **कुम्भ** | सृजनात्मक कार्यमा सफलता मिल्नेछ । विद्यार्थी र अध्ययन-अनुसन्धानका लागि दिन राम्रो रहनेछ । |
| **मीन** | घर-परिवारमा खुसीको वातावरण रहनेछ । सम्पत्ति, घर वा पारिवारिक निर्णयमा सकारात्मक प्रगति हुन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

११ साउन, २०८३ (२७ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५४.२१ | १५४.८१ |
| युरो | १ को | १७५.८८ | १७६.५६ |
| पाउन्ड स्टिर्लङ | १ को | २०६.१९ | २०७.०० |
| स्विस फ्रेन्क | १ को | १८९.७९ | १९०.५२ |
| अस्ट्रेलियन डलर | १ को | १०७.८६ | १०८.२८ |
| क्यानाडियन डलर | १ को | १०९.३९ | १०९.८१ |
| सिङगापुर डलर | १ को | ११९.४३ | ११९.८९ |
| जापानी येन | १० को | ९.४६ | ९.५० |
| चिनियाँ युआन | १ को | २२.७७ | २२.८६ |
| साउदी अरब रियाल | १ को | ४१.०९ | ४१.२५ |
| कतारी रियाल | १ को | ४२.३० | ४२.४७ |
| थाई भाट | ख १ को | ४.५६ | ४.५८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.९९ | ४२.१५ |
| मलेसियन रिङेट | १ को | ३७.७३ | ३७.८८ |
| दक्षिण कोरियन वन | १०० को | १०.४१ | १०.४५ |
| स्विडिस क्रोनर | १ को | १५.८८ | १५.९४ |
| डेनिस क्रोनर | १ को | २३.५३ | २३.६२ |
| हङकङ डलर | १ को | १९.६७ | १९.७५ |
| कुवेती दिनार | १ को | ५०१.०१ | ५०२.९६ |
| बहराइन दिनार | १ को | ४०८.९९ | ४१०.५८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**जलमग्न सडक** | काठमाडौंमा आइतबार परेको वर्षाको कारण जलमग्न बनेको पेप्सिकोला क्षेत्रको सडक । *तस्विरः रासस*

# पूर्वाधारमा प्राविधिक त्रुटि र जल प्रवाह क्षेत्र अतिक्रमणले माइतीघर डुबान

**काठमाडौं–** माइतीघर मण्डल क्षेत्रमा वर्षायाममा डुबानको मुख्य कारण त्यस आसपास क्षेत्रको पूर्वाधार निर्माणको प्राविधिक त्रुटि, जल प्रवाह क्षेत्रको अतिक्रमण र प्राकृतिक जलशोषक क्षेत्रको विनाश रहेको पाइएको छ ।

झरीसँगै सो क्षेत्र डुबानमा पर्न थालेपछि यही साउन ५ गते काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलको नेतृत्वमा विकास साझेदार, सुविधा वितरण तथा सेवा व्यवस्थापनका क्षेत्रमा काम गर्ने निकायका प्रमुख तथा प्रतिनिधिसहितको टोलीले अनुगमन गरेको थियो ।



अनुगमनपछि कार्यवाहक प्रमुख डंगोलले सम्बन्धित कार्यालयका अधिकारीहरूको संयुक्त टोलीलाई प्राविधिक प्रतिवेदन पेस गर्न निर्देशन दिएकी थिइन् । उक्त निर्देशनपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रतिकार्य शाखा प्रमुख उपसचिव रामबहादुर केसी संयोजकत्वको समितिले आइतबार स्थलगत प्रतिवेदन तयार बुझाएको हो ।

प्रतिवेदनअनुसार माइतीघर मण्डल क्षेत्रको ढल निकास प्रणालीमा इन्जिनियरिङ त्रुटि देखिएको छ । माइतीघर क्षेत्रमा भित्रिने ढलको माथिल्लो भागमा ९० सेन्टिमिटरको ढल छ । यो ढल प्रणाली तल्लो भागमा पुगेपछि ६० सेन्टिमिटरमा साँघुरिएको छ । यसरी माथिल्लो भागबाट आउने पानीको चापलाई तल्लो भागको साँघुरो ढलले धान्न नसक्दा ‘बोटलनेकिङ’ को समस्या भई पानी सडकमा बाहिरिने गरेको सो प्रतिवेदनमा उल्लेख छ ।

यसबाहेक, टुकुचा खोलाको सतह बढेकाबेला ढलको पानी खोलामा जानुको साटो उल्टै बस्ती र सडकतिर फर्कने (ब्याक फ्लो) समस्याले गर्दा पनि माइतीघर जलमग्न हुने गरेको देखिएको छ । भौतिक पूर्वाधारबाहेक वातावरणीय र सहरी विकास तथा व्यवस्थापनका कारण प्रतिवेदनले डुबानको प्रमुख कडीका रूपमा औंल्याएको छ ।

विगतमा माइतीघर चोकसँगै जोडिएका खुला क्षेत्रहरूले ‘प्राकृतिक जलाधार’ को काम गर्थे । जसले वर्षाको पानीलाई जमिनमुनि सोस्ने गर्थ्यो । तर, अहिले ती क्षेत्रमा जिल्ला प्रहरी परिसर काठमाडौं र जिल्ला सरकारी वकिलको कार्यालयलगायत ठूला भवन निर्माण भएपछि जमिन कंक्रिटले ढाकियो । यसकारण पानी सोसिने प्राकृतिक प्रक्रिया बन्द भएको छ । यसले गर्दा सतहमा बग्ने पानीको मात्रा अत्यधिक बढ्न गई माइतीघर चोकमा सीधै केन्द्रित हुने गरेको प्राविधिक टोलीको निष्कर्ष छ ।

अतिक्रमणको समस्या पनि माइतीघर डुबानमा उस्तै जिम्मेवार देखिएको छ । अनुगमनका क्रममा कतिपय स्थानमा ढलमाथि नै व्यक्तिगत र सरकारी भवनका संरचना निर्माण भएका कारण नियमित सरसफाइमा अवरोध पुगेको पाइएको छ । ढलको पाइपभित्र प्लास्टिकजन्य फोहोर, बोतल र ढुंगा-गिटी थुप्रिनुले पानीको बहावलाई थप रोकेको छ । यस समस्यालाई समाधान गर्न कार्यवाहक प्रमुख डंगोलले अनुगमनकै क्रममा स्थानीय प्रशासन र साझेदार निकायको सहकार्यमा सबै प्रकारका अवरोध हटाउन निर्देशन दिएकी थिइन् ।

प्रतिवेदनले तत्काल र दीर्घकालीनरूपमा चालिनुपर्ने कदम सिफारिस गरेको छ । तत्कालका लागि ढल निकास मार्गमा रहेका अवरोध हटाउने, म्यानहोलहरूको उचाइ बढाउने र नियमित सरसफाइ गर्ने कार्यलाई प्राथमिकता दिइएको छ ।

दीर्घकालीन समाधानका रूपमा माइतीघर वा पुरानो स्वास्थ्य मन्त्रालय परिसरको सार्वजनिक जग्गाभित्र जमिनमुनि ठूलो क्षमताको पानी भण्डारण टयांकी निर्माण गर्न सुझाव दिइएको छ । यसले वर्षाको पिक समयमा आउने पानीलाई केहीबेर भण्डारण गरेपछि बिस्तारै निकास दिन सहयोग पुग्ने छ । त्यस्तै, टुकुचा खोलाको निकास बिन्दुमा पानी फिर्ता हुन नदिने ‘नन रिटर्न भल्भ’ जडान गर्न, समग्र उपत्यकाको ढल सञ्जालको जिआइएस म्यापिङ गर्न र माइतीघर क्षेत्रको क्याचमेन्ट एरियाका आधारमा ढलको क्षमता पुनःडिजाइन गर्न प्रतिवेदनले जोड दिएको छ । *रासस*

# नारायणी अस्पताल घटनाबारे छानबिन गर्न समिति गठन

**वीरगञ्ज (पर्सा)–** नारायणी अस्पतालमा शनिबार भएको घटनाको छानबिन गर्न पाँच सदस्यीय समिति गठन गरिएको छ ।

अस्पतालको आकस्मिक कक्षमा उपचारका क्रममा वीरगञ्ज महानगरपालिका-२५ निवासी ४५ वर्षीय राजकुमार पटेलको मृत्यु भएपछि उनका आफन्तले चिकित्सक तथा अस्पताल प्रशासनको लापरवाहीका कारण बिरामीको ज्यान गएको आरोप लगाउँदै प्रदर्शन गरेका थिए । आफन्तले अक्सिजनमा रहेका बिरामीलाई स्थानान्तरण गर्ने क्रममा अक्सिजन हटाइएका कारण मृत्यु भएको दाबी गरेका छन् ।

छानबिन समितिमा जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत विनयकुमार राम, नारायणी अस्पतालका डा. निरजकुमार सिंह, वीरगञ्ज महानगरपालिका-२५ का वडाध्यक्ष आशुतोष चतुर्वेदी, मृतकपक्षका प्रतिनिधि विकास पटेल र अस्पताल प्रशासनका प्रतिनिधि सुनिलकुमार रौनियार सदस्य रहेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक समितिका संयोजक रहेका छन् ।

अस्पतालले घटनाका बेला उपचारमा संलग्न पाँच जना स्वास्थ्यकर्मीलाई छानबिन प्रतिवेदन नआएसम्मका लागि जिम्मेवारीबाट हटाएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता चक्रबहादुर मल्लले समितिले एक साताभित्र प्रतिवेदन बुझाउने र प्रतिवेदनका आधारमा दोषी देखिएकामाथि आवश्यक कारबाही गरिने बताए । *रासस*

# अविरल जनसाहित्य यात्रामा गुञ्जिए निरूका कविता

**काठमाडौं–**

*‘एक फरक मुसाफिर हुँ म*
*मेरो दुनियाँ अरूको जस्तो छैन*
*मेरो दुनियाँ जस्तो अरू छैन*
*म राउटेनी अर्थात् वनफूल ।*
*तिम्रो दुनियाँका सभ्य र सुकिला मान्छेहरू जस्तै*
*नाकमुख, हातगोडा, मन मस्तिष्क सबै सबै छन्*
*यो राउटे दुनियाँका*
*ख्याउटे र फुस्रा मान्छेहरूमा पनि*
*के तिमीलाई थाहा छ ?*
*जंगलका स्वघोषित श्री हुन् राउटे*
*ठूला ठूला डरलाग्दा जीव र अजिंगरहरूसँग*
*युगौंदेखि कूटनीतिक सम्बन्ध गाँसेर बसेका*
*जंगलका राजवंश हुन् राउटे ।’*



कर्णालीकी चेली कवि निरञ्जना चन्द ‘निरू’ ‘आँखामा रारा, नसामा भेरी र कर्णाली राखेर बाँचेको’ अनुभूतसहित साहित्य सिर्जनामा होमिएकी छन् । सुर्खेतको सिम्ता गाउँपालिका-४ मा २०४५ असार १८ जन्मिएकी निरुले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तरसम्मको शिक्षा हासिल गरी हाल शिक्षण पेसा अँगालेकी छन् । गिट्टी कुट्ने दुखियाले विनाकुनै गुनासो आफ्नो कर्म गरिरहेका छन् तर सहरियाहरू भने देशसँग गुनासो गरिरहेको व्यंग्यात्मकता कविले अभिव्यक्त गर्दै आएकी छन् ।

हाल बर्दियाको बाँसगढी नगरपालिका-८ मा बस्ने चन्दका ‘निरुले साइनो’ छोटा कविता संग्रह २०७६, ‘निरूपण’ मुक्तक संग्रह २०७७ र ‘वनफूलको विद्रोह’ कविता संग्रह २०८२ जस्ता कृति प्रकाशित छन् ।

उनका विभिन्न पत्रपत्रिकामा थुप्रै फुटकर रचना प्रकाशित छन् । नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय कविता महोत्सव, २०७८ मा तृतीय, लुम्बिनी प्रदेशस्तरीय कविता प्रतियोगिता, २०७७ मा प्रथम, साहित्य सदन नेपालले आयोजना गरेको कविता महोत्सव, २०८० मा द्वितीय स्थान हासिल गरेर चन्दले कविताका क्षेत्रमा आफूलाई स्थापित गरेकी छन् ।

‘मेरो सानैदेखिको स्वभाव स्वतन्त्रता र उन्मुक्तिको पक्षमा लाग्नु रह्यो । जातीय उत्पीडन समाजमा देखेर मेरो मन दुख्छ,’ कवि निरू भन्छिन्, ‘द्वन्द्वमा जीवन गुजारेका तर अयोग्य साबित गरिएका महिलाका पीडा देखेपछि; वादी, राउटे र छाउपडी ब्यहोर्न बाध्य पारिएका, युवापलायनका, दहेजका लागि मारिने नारीसमेतका उत्पीडन देखेपछि मैले आफ्ना कवितामा ती विषयलाई उतार्न थालेको हुँ ।’

निरुका एक दर्जन कविता शनिबार राष्ट्रिय जनसाहित्यिक संघ, नेपालद्वारा बागबजारमा आयोजित ‘अविरल जनसाहित्य यात्रा-१११’ मा गुञ्जिएका थिए । कवि निरुले आफ्ना ‘युगीन प्रतिध्वनि,’ ‘अयोग्य योद्धा र पदचापहरू,’ ‘वनफूल,’ ‘मेरो बस्तीमा घाम किन आएन !,’ ‘छाउगोठका शरणार्थी सपनाहरू’ र ‘मधेसको आँगनमा दहेज’ शीर्षकका कविता वाचन गरिन् । सहयोगी कविहरू जयन्ता पोखरेलले ‘निश्चिन्त भएर उठ,’ यशोदा अधिकारीले ‘दिलमाया,’ रामचन्द्र दाहालले ‘फर्केर आऊ आफ्नै घर,’ माधव चौलागाईंले ‘गुराँसहरू युद्ध गर्दैनन्,’ गीता सापकोटाले ‘सत्तासीन गुनासो’ र प्राडा जीवेन्द्रदेव गिरीले ‘जीर्णकवच’ शीर्षकका कविता वाचन गरेका थिए ।

राष्ट्रिय जनसांस्कृतिक महासंघका इञ्चार्ज जीवन घिमिरेले प्रविधिले मिच्दै मिच्दै संस्कृति धरापमा परिरहेको बेला हाम्रा लोकगीतका स्रोत कमजोर बनिरहेको बताए । ‘जेन-जी’ आन्दोलनले पाँच पुस्तासम्म मिलेर बसेको हाम्रो समाज र संस्कृतिमा चुनौती ल्याइदिएको उनको भनाइ छ ।

समालोचक डा. अमृता शर्माले कर्णालीको विकट भूगोलमा संघर्ष गर्दै समाजमा विद्यमान विभेद, शोषण र महिलाले भोगेको उत्पीडनलाई विद्रोही चेतका साथ निरुले सामाजिक रूपान्तरणको स्पष्ट वैचारिकता कवितामा सम्प्रेषण गरेको टिप्पणी गरिन् ।

‘निरुका कविताका विषयवस्तु यथार्थपरक छ । महिलाको श्रम र संघर्षलाई कवितामा उजागर गरिएको छ, युद्धको सन्त्रासबाट मुक्त समाजको परिकल्पना गरिएको छ । श्रमको सौन्दर्यगान गाइएको छ, जनयुद्ध लडेका महिलाका पीडा कवितामा आएका छन्,’ डा. शर्माले भनिन्, ‘संसारभर पुगेका युवालाई स्वदेश फर्कन आग्रह गरिएको छ । परिवर्तनका लागि विद्रोही चेतना कवितामा सशक्त बनेर आएको छ । मधेसमा अहिले पनि दाइजोका नाममा महिला उत्पीडनमा परिरहेकामात्र होइन मारिनेसम्मको मर्मान्त पीडा कवितामा आएको छ ।’

संघकी अध्यक्ष नर्मदेश्वरी सत्यालले आशावादी जीवनदृष्टि राख्ने र सरलताका माध्यमबाट गम्भीर भाव सम्प्रेषण गर्ने’ कविका रूपमा चन्दलाई चिनिएको बताइन् । महासचिव डा. कृष्ण सुवेदीले ‘नेपाली समकालीन युगजीवनलाई नजिकबाट नियाल्दै विकृति, विसंगतिलाई यथार्थपरक ढंगले उजागर गर्ने र स्पष्टरूपमा रूपान्तरणको आग्रह गर्ने कविका रूपमा निरुलाई चित्रित गरे । *रासस*


## मलेसियामा रोजगार
कम्पनी : EAST COAST KOPITIAM SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०४/०८ | LT. No. 340582 | चलानी नं. ६०२५८७११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 3 | 0 | 1700 | ६४,१४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १८ गते (3rd Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763,
E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075

## युएइमा रोजगार
कम्पनी : DESCON ENGINEERING

पूर्व स्वीकृति मिति : २०८२/०४/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१० | LT. No. 328768 | चलानी नं. ६०२४२५६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 50 | 0 | 1000 | ४२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pipe Fitter | 50 | 0 | 1300 | ५४,६४० | | | | | | | |
| 3 | Riggers | 50 | 0 | 1200 | ५०,४३५ | | | | | | | |
| 4 | Scafolder | 50 | 0 | 1300 | ५४,६४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १८ गते (3rd Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9841781155, 9808818851, 9851015421, 9746458492,9761489786
9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

## साउदीमा रोजगार
कम्पनी : Mastoura Contracting Company Ltd.

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१० | LT. No. 340905 | चलानी नं. ६०२५४२१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 2 | 0 | 1600 | ६५,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 75 | 0 | 1000 | ४१,१७० | | | | | | | |
| 3 | Heavy Equipment Operator | 15 | 0 | 2500 | १,०२,९२५ | | | | | | | |
| 4 | Heavy Truck Driver | 20 | 0 | 1800 | ७४,१०६ | | | | | | | |

कम्पनी : Mohammed Saleh Ahmed Al-Zahrani Company Limited

पूर्व स्वीकृति मिति : २०८३/०४/०८ | LT. No. 345369 | चलानी नं. ६०२५८६९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician (General) | 5 | 0 | 1300 | ५३,५२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १८ गते (3rd Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

## साउदीमा रोजगार
कम्पनी : ASALAH AL SHOROUK MANUFACTURING FACTORY

पूर्व स्वीकृति मिति : २०८३/०४/०८ | LT. No. 345368 | चलानी नं. ६०२५८७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1000 | ४१,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : OUJ UNITED SCAFFOLDING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/०७ | LT. No. 345325 | चलानी नं. ६०२५८७०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker/ Helper | 1 | 0 | 1000 | ४१,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RIYADH AL DANA TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१० | LT. No. 338136 | चलानी नं.६०२५१६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Worker | 10 | 0 | 1000 | ४१,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bus Drivers | 10 | 0 | 1800 | ७४,१०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १८ गते (3rd Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## MAURITIUS मा रोजगार
कम्पनी : MAXI CLEAN COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337378 | चलानी नं. ६०२५१०६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner I | 15 | 0 | 18000 | ५८,५८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/labourer | 7 | 0 | 18000 | ५८,५८७ | | | | | | | |
| 3. | Field Supervisor | 11 | 0 | 19720 | ६४,१८५ | | | | | | | |
| 4. | General Maintenance Operator | 11 | 1 | 18000 | ५८,५८७ | | | | | | | |
| 5. | Ground Assistant | 12 | 0 | 18000 | ५८,५८७ | | | | | | | |
| 6. | Landscaper | 6 | 0 | 18000 | ५८,५८७ | | | | | | | |
| 7. | Maintenance Technician | 15 | 0 | 18000 | ५८,५८७ | | | | | | | |
| 8. | Mechnician Technician | 11 | 0 | 18000 | ५८,५८७ | | | | | | | |
| 9. | Pest Control Tech | 13 | 0 | 18000 | ५८,५८७ | | | | | | | |
| 10. | Supervisor | 10 | 0 | 19720 | ६४,१८५ | | | | | | | |
| 11. | Technical Mechanic | 10 | 0 | 18000 | ५८,५८७ | | | | | | | |
| 12. | Technical Operator | 10 | 0 | 18000 | ५८,५८७ | | | | | | | |

कम्पनी : INSITE CONSTRUCTION LTD.

पूर्व स्वीकृति मिति : २०८२/०४/१९ | LT. No. 328232 | चलानी नं. ६०२४२३१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barbender | 14 | 0 | 22300 | ७५,८३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 32 | 0 | 22300 | ७५,८३७ | | | | | | | |
| 3 | Maintenance Technicians | 20 | 0 | 22300 | ७५,८३७ | | | | | | | |
| 4 | Mason. | 36 | 0 | 22300 | ७५,८३७ | | | | | | | |
| 5 | Plasterer | 9 | 0 | 22300 | ७५,८३७ | | | | | | | |
| 6 | Tiles Fixer | 35 | 0 | 22300 | ७५,८३७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १८ गते (3rd Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## प्रश्नपत्र 'लिक' प्रकरणले उब्जाएका प्रश्न

त्रिभुवन विश्वविद्यालयअन्तर्गत व्यवस्थापन संकायको मास्टर्स अफ बिजनेस स्टडिज (एमबिएस) प्रथम सेमेस्टरको प्रश्नपत्र 'लिक' भएको घटनालाई नेपाल सरकारले सामान्य रूपमा लिएको देखिएको छ । साउन ८ गते सञ्चालन भएको 'एमजिटी ५१५: अर्गनाइजेसनल बिहेभियर' विषयको प्रश्नपत्र विभिन्न ह्वाट्सएप समूहमार्फत लिक भए पनि सरकारले यसलाई गम्भीर रूपमा लिएको देखिँदैन ।

छिमेकी मुलुक भारतमा निटको प्रवेश परीक्षाको प्रश्नपत्र लिक हुँदा सत्ता नै हल्लियो । शिक्षामन्त्री धर्मेन्द्र प्रधानले प्रश्नपत्र लिक भएको विषयमा नैतिक जिम्मेवारी लिँदै राजीनामा नै दिए । तर नेपालमा भने प्रश्नपत्र लिक हुने विषयलाई सामान्य रूपमा लिइँदै आएको छ । फागुन २१ गतेको निर्वाचनबाट बनेको सरकारमा अहिले शिक्षामन्त्री छन्, सस्मित पोखरेल । यो प्रकरणमा शिक्षामन्त्री पोखरेलले आवश्यक छानबिन गर्न प्रहरीलाई निर्देशन दिएर आफू भने पन्छिएका छन् ।

प्रहरीले आइतबार एक जनालाई पक्राउ गरेको छ । परीक्षा सुरू हुनुअघि वा परीक्षा अवधिमै प्रश्नपत्र सार्वजनिक हुनु केवल एउटा प्राविधिक वा व्यवस्थापकीय कमजोरीमात्र होइन, यो मुलुकको सम्पूर्ण उच्च शिक्षा प्रणालीमाथिको प्रश्न हो । एमबिएसजस्तो प्रतिष्ठित र हजारौं विद्यार्थीको भविष्य जोडिएको परीक्षामासमेत यस्तो लापरवाही दोहोरिनुले त्रिविको परीक्षा नियन्त्रण कार्यालय र व्यवस्थापनपक्षको लाचारीलाई छताछुल्ल पारेको छ ।

लोकतान्त्रिक मुलुकहरूमा राजनीतिक तथा प्रशासनिक नेतृत्वले आफ्ना निकाय मातहत भएका गम्भीर गल्ती र लापरवाहीको नैतिक जिम्मेवारी लिन्छन् । तर, नेपालको सन्दर्भमा भने ठूला–ठूला धाँधली, र प्रश्नपत्र लिकजस्ता गम्भीर अपराध हुँदा पनि न त शिक्षामन्त्रीले नैतिक जिम्मेवारी लिन्छन्, न त विश्वविद्यालयका पदाधिकारीहरू नै पदबाट हट्न तयार हुन्छन् । छानबिन समितिका नाममा समय बिताउने र तल्लो तहका कर्मचारीलाई कारबाही गरेर शीर्ष नेता पन्छिने प्रवृत्ति यहाँको स्थायी नियति बनेको छ ।

प्रश्नपत्र लिक हुनुका पछाडि विश्वविद्यालयभित्रैका गैरजिम्मेवार कर्मचारी तथा परीक्षा केन्द्राध्यक्षहरूको मिलेमतो हुने बताइन्छ । कडा कारबाहीको अभावका कारण पनि यस्ता गलत क्रियाकलापमा संलग्न व्यक्तिहरूको मनोबल झन् बढेको छ । यस्ता घटनाले केवल एउटा परीक्षाको मात्र नभई समग्र देशको शैक्षिक गुणस्तर र योग्यता प्रणालीको धज्जी उडाउँछ । तसर्थ, यो घटनालाई सामान्य रूपमा लिएर छानबिन समितिको ढाकछोपयुक्त प्रतिवेदनमै सीमित राखिनु हुँदैन । विद्यार्थीको भविष्य र देशको शैक्षिक प्रतिष्ठासँग जोडिएको विषयमा अब कुनै पनि बहानाबाजी चल्न हुँदैन । त्रिविले आफ्ना कमजोरीहरूलाई आत्मसात् गर्दै परीक्षा प्रणालीको मर्यादा पुनःस्थापित गर्न तत्काल ठोस र कठोर कदम चालोस् ।

**श्रम सरोकार**

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# 'अव्यावहारिक कानुन नबदलिए व्यवसाय बन्द गर्न बाध्य हुन्छौं'

वैदेशिक रोजगार क्षेत्र यतिबेला अन्योलको स्थितिमा रहेको छ । सरकारले वैदेशिक रोजगार व्यवसायीमाथि कडाइ गर्दै लगातार कारबाही अगाडि बढाएपछि व्यवसायीहरु व्यवसाय नै बन्द गर्न लागिपरेका छन् । वैदेशिक रोजगार व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सरकारलाई १५ दिने अल्टिमेटमसहितको ध्यानाकर्षणपत्र बुझाइसकेको छ । करिब डेढ महिनाअघि मात्र संघको नेतृत्वमा आएका **डिकबहादुर खत्री** व्यवसायीहरूको हितसँगै समग्र वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित बनाउने प्रतिबद्धताका साथ अगाडि बढेका छन् । बौद्धिक व्यवसायीका रूपमा परिचित उनी ओमेगा पावर माइन्ड्स प्रालिका सञ्चालकसमेत हुन् । खत्री शिक्षण पेसा गर्दैगर्दा वैदेशिक रोजगार व्यवसायमा आकर्षित भएको बताउँछन् । यो पेसामा प्रवेश गर्दादेखि नै यस क्षेत्रलाई सम्मानित बनाउन लागिपरेका खत्री मुलुकको अर्थतन्त्रमा योगदान पुऱ्याइरहेका व्यवसायीहरूमाथि वालेन्द्र सरकारले अपराधीसरह व्यवहार गरेको बताउँछन् । सरकारको व्यवहारका कारण व्यवसाय गर्न नसक्ने अवस्था सिर्जना भएको उनको भनाइ छ । अध्यक्ष खत्रीसँग वैदेशिक रोजगार व्यवसाय क्षेत्रको वर्तमान अवस्थाबारे *प्रभावकमी* **ममता थापा**ले गरेको कुराकानीः



**डिकबहादुर खत्री**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

**अहिले यहाँको व्यक्तिगत र व्यवसायको अवस्था कस्तो छ ?**

मलाई ठीकै छ । हामीले गरेको व्यवसायचाहिँ अलिक बिरामी हो कि भन्ने महसुस गरिरहेका छौं ।

**व्यवसायको स्वास्थ्य कहिलेदेखि खराब भयो ?**

व्यवसाय विगतदेखि नै अस्वस्थ भए पनि विगतमा कानुन परिपालना गराउने अड्डाहरू केही सहज थिए । हामीले लामो समयदेखि थिति बसाल्न कानुन संशोधन गरौं, पारदर्शी बनाउँ भन्दै आयौं । अहिले त्यही पुरानो थितिलाई टेकेर व्यवसाय गर्नसक्ने अवस्था छैन । त्यही भएर पनि अलिकति बिरामी छ, पेसा ।

**वैदेशिक रोजगार व्यवसाय अझै पनि सम्मानित पेसाको रूपमा स्थापित हुन सकेको छैन, शिक्षण पेसामा रहनुभएको यहाँले किन यो पेसा रोज्नुभयो त ?**

पेसा सम्मानित छैन भन्दैमा नगर्ने भन्ने होइन । नागरिक तहदेखि सदनसम्म यसको आवश्यकता बुझाउन सक्नुपर्छ । २०५० सालयता हेर्दा वैदेशिक रोजगारीले राज्यलाई ठूलो योगदान पुऱ्याएको छ । यही पेसाले करिब ४० लाख जनशक्तिलाई वैदेशिक रोजगारीमा व्यवस्थापन गरेको छ । ५० सालभन्दा पछाडि लगभग १६० खर्ब रेमिटचान्स भित्रयाएर अर्थतन्त्र चलायमान बनायो, विदेशी मुद्रा सञ्चिति बढायो, सर्वसाधारण जनतालाई शिक्षा र स्वास्थ्यको पहुँचमा पुऱ्यायो । यो पेसाको योगदानका कुरालाई पनि सकारात्मक ढंगबाट जनमानसमा पुऱ्याउन सक्नुपर्छ ।

यो पेसामा प्रवेश गर्नुअघि शिक्षण पेसामा थिएँ । शिक्षण पेसामा भएको व्यक्ति वैदेशिक रोजगारीमा आउँदा कसैले अस्वाभाविक पनि मान्नुभएको छ । तर तत्कालीन अवस्थामा वैदेशिक रोजगारीमा गएका मेरा समकक्षी साथीहरू भेट्दा उहाँहरूले वैदेशिक रोजगारीबाट गर्नुभएको प्रगति र आर्थिक उन्नतिका कथाहरू सुनाउनुहुन्थ्यो । अनि यो त सेवा प्रवाह गर्ने क्षेत्र रहेछ, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा पनि महत्त्वपूर्ण भूमिका खेल्दो रहेछ भन्ने भएर यो पेसामा आएको हो । आएदेखि नै पेसा सम्मानित बनाउन संघर्ष गरिरहेको छु ।

**शिक्षण गरिरहेको व्यक्ति वैदेशिक रोजगार व्यवसायी बन्छु भन्दा परिवार तथा शुभचिन्तकको प्रतिक्रिया कस्तो थियो ?**

मैले पेसा परिवर्तन गर्छु भनेर गरिनँ । अचानक भयो । त्यही पनि घर परिवारमा सल्लाह गर्दा बुबाले सकेसम्म यो पेसा नगर, जे छ त्यसमै खुसी हुनुपर्छ भनेर गाइड गर्नुभएको थियो । तर पनि मलाई एक खालको हुटहुटी थियो । यो पेसा गरिसकेपछि मैले सुरक्षित गन्तव्यमा पुऱ्याएका श्रमिकहरू र उहाँहरूले गरेका उपलब्धि, आर्थिक उन्नति हेर्दाखेरी मैले पुण्य कर्म नै गरेँ भन्ने आत्मसन्तुष्टि छ ।

**वैदेशिक रोजगार व्यवसाय गर्न धेरै दबाब थाम्न सक्नुपर्छ भनिन्छ, कत्तिको प्रेसर आउँछ ?**

सबै मान्छे एकै खालका हुँदैनन् । १०० जना श्रमिकलाई एउटा रोजगारदाताकोमा पठाउँदा ९५ जना राम्ररी काम गर्ने र बाँकी पाँच जना विभिन्न कारणले फर्किएर आउनुभयो भने त्यो पाँच जनाको कुरा सबैतिर पुग्छ । तर, ९५ जनाको सफलताको कथा पुऱ्याइँदैन । यो पेसा सम्मानित नहुनुको पछाडि यो पनि कारणचाहिँ हो । त्यो पाँच जनाकोमात्र कुरा सर्वत्र सुनिने भएकाले त्यो प्रेसर निकै ठूलो हुने रहेछ । राज्य भनेको कमजोरको पक्षमा नै उभिने हो । तर कमजोरको पक्षमा उभिने भन्दै गर्दा नागरिक त बराबर हो । व्यवसाय सञ्चालन गर्ने र वैदेशिक रोजगारीमा जाने दुवै राज्यका नागरिक नै हुन् । त्यसकारण न्यायको सिद्धान्तलाई जहिले पनि हेरिनुपर्दछ ।

**कतिपय व्यवसायीले यो क्षेत्रमा नआएको भए हुने रहेछ भनेको पनि पाइन्छ, तपाईंलाई त्यस्तो लागेन ?**

मलाई कहिल्यै त्यस्तो महसुस भएन । स्वच्छ भावनाले सत्कर्म गर्ने हो । स्वच्छ भावनाले गरेको सत्कर्मले आत्मसन्तृष्टि नै दिन्छ । जानेर गल्ती नगर्नुहोस् । नजानेर या नचाहेर कहिलेकाहीँ हामीले गरेका कर्महरू नकारात्मकतातर्फ जान्छन् । त्यसको सम्पूर्ण दोषी वैदेशिक रोजगार व्यवसायी होइन ।

**व्यवसायी र श्रमिक एकअर्काका पूरक हुन् तर तपाइंहरू श्रमिकप्रति इमानदार हुनुहुन्न भनिन्छ नि ?**

वैदेशिक रोजगार व्यवसायीले राज्यले ल्याएका सबै नीतिहरू मानेर काम गरिरहेका हुन्छन् । व्यवसायीले गम्भीर भएर आफैं बुझ्नुपर्ने विषयचाहिँ संस्थागत सुशासन हो । श्रमिकको हित, संस्थागत-समाजिक उत्तरदायित्व, सामाजिक अनुपालनका सन्दर्भमा व्यवसायीले सोच्नपर्छ । सबैपक्षबाट श्रमिकको हित पहिलो प्राथमिकता हो तर हामी व्यवसायी भएकोले व्यवसाय गरिसकेपछि त्यसको प्रतिफल प्राप्त गर्नुपर्छ भन्ने पनि हो ।

अहिले तपाईंहरू व्यवसाय नै बन्द गर्छौं भनिरहनुभएको छ, सरकारले माग सम्बोधन नगरे साँच्चिकै बन्द गर्नुहुन्छ त ?

हामीले पुरानै ऐनका व्यवस्थाबाट व्यवसाय सञ्चालन गर्न सक्दैनौं भनेर स्पष्ट भनेका छौं । सरकारले सर्वपक्षीय सर्वस्वीकार्य ऐन र लागत निर्धारण गर्नुपर्छ । कमसेकम व्यवसायीले बाँच्नसक्ने सेवा शुल्क निर्धारण गरिनुपर्छ । त्यसो भए हामी व्यवसायी पनि अक्षरशः कानुन पालना गर्न तयार हुन्छौं । तर हिजोकै व्यवस्थालाई नै टेकेर कानुन कार्यान्वयन गर्न उन्मुख हुने हो भने अब पेसा गर्न सक्ने अवस्था देखिँदैन । अहिलेको अवस्थामा एक महिना-दुई महिना कति हुन्छ व्यवसायीले आफ्नो पेसामा शून्यता प्रवेश गराउनुहुन्छ । सो अवधिलाई हामी शून्य समय मान्छौं । कारोबारहरू गर्दैनौं । श्रमिक पठाउन बन्द गर्छौं र ऐन संशोधनका लागि राज्यसँग सहकार्य गर्छौं ।

**नयाँ ऐन नबन्दासम्म राज्यले पुरानै ऐनमा टेकेर काम गर्छ । व्यवसायीलाई मात्र कस्तो विशेष व्यवहार गर्नुपऱ्यो ?**

हिजोका दिनमा अलिकति व्यावहारिकतालाई हेरिन्थ्यो । कानुन परिपालना गराउने वैदेशिक रोजगार विभाग अलिकति लचक थियो । अहिलेचाहिँ अक्षरशः कानुन पालन गराउँछु भनेर जसरी अगाडि बढेको छ त्यो सम्भव छैन भनेर हामीले भनेको हो । विभागबाट ५९८ वटा संस्थामाथि कारबाही गरिएको इतिहासमै पहिलोपटक हो । हिजो तीन वटा मन्त्रालयले गरेको निर्णय परिपालना गर्दा दण्डित हुनुपर्ने अवस्था आयो । विगतमा के भएको थियो भन्ने उदाहरणहरू हेरिनु त पर्छ होला नि ? जेसुकै होस् भनेर व्यवहार गरिरहँदा २०औं वर्षदेखि पेसा व्यवसाय सञ्चानल गर्दै आएका व्यवसायीले रोजगारदातासँग स्थापित गरेको सम्बन्ध बिग्रिएको छ । यो हतारोले क-कसलाई असर गऱ्यो भनेर राज्यले त हेरिदिनपऱ्यो होला नि । वैदेशिक रोजगार व्यवसायीहरू अपराधी नै हुन् भन्ने हिसाबले व्यवहार गर्ने सिलसिला चलिरहने हो भने नयाँ नीति नआउञ्जेलसम्म काम नगरे भइगयो ।

**विगतमा व्यवसायीलाई सहजीकरण गरिदिने विभागले अहिले किन यस्तो व्यवहार गरेको होला ?**

कार्यान्वयनको पक्ष कत्तिको दर्बिलो हुनसक्छ भन्ने अध्ययन नै नगरी गरिने निर्णयले अन्तत्वगत्वा सेवाग्राहीलाई नै असर पार्ने हो । २०७२ को 'फ्रि-भिसा, फ्रि-टिकट'ले त्यही भयो । २०७५ को केही नेपाल ऐन संशोधनले सेवाग्राहीलाई नै असर पाऱ्यो । सेवाग्राहीलाई असर पार्ने नीति नियम 'पपुलिस्ट' बन्न, 'स्टन्ट' गर्नका निम्ति ल्याइनु हुँदैन । ग्राउन्ड रियालिटी हेरेर, सरोकारवालासँग घनिभूत छलफल गरेर त्यसबाट आएको निचोडलाई ऐनमा व्यवस्थापन गर्न पाए पो दीर्घकालीन हुन्छ त । एक जना नेतृत्वमा आउने, आएपछि केही न केही गरेर देखाउनपऱ्यो भनेर जनताको ध्यान तान्ने खालको विषयवस्तु फालिदिने, त्यो कार्यान्वयन होस् नहोस्सँग मतलब नहुने परिपाटीबाट हामी लामो समयदेखि गुज्रेर आयौं । यो नै सबैभन्दा गलत पक्ष हो ।

**संघको नेतृत्व सम्हाल्नुभएको एक महिना भइसक्यो । चुनावका बेला गर्नुभएको बाचा पूरा गर्न के कसरी काम गर्दै हुनुहुन्छ ?**

हिजो सरकार अस्थिर थियो । त्यस कारण पनि कतिपय विषय सम्बोधन हुन सकेनन् होला । अहिलेको सरकार स्थिर छ । परिवर्तन चाहन्छ । पपुलिस्ट हुनमात्र निर्णय नगरी व्यावहारिक भएर निर्णय गर्छ भन्नेमा थोरै विश्वास छ । तर ढिला गर्न भएन । अहिले वैदेशिक रोजगार ऐन, २०६४ लाई संशोधन गर्ने काम भइरहेका छ । तर त्यहाँ पनि केही ढिलासुस्ती भएको देखिन्छ । यस्ता विषय राम्रोसँग छलफल भएपछि कार्यान्वयनमा ल्याउनपर्छ भन्ने हो । सेवा शुल्क व्यवस्थापनको विषयमा रोजगारीमा जान लाग्ने निश्चित शुल्क सबै जनतालाई थाहा दिएर त्यसलाई 'क्यासलेस' गराऔं । बजेट भाषणमा ल्याएको विनाधितो ऋण अर्थात् सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने विषयलाई कार्यान्वयनमा ल्याए एकाधिकार रोकिन्छ । यी कुरा राज्यले व्यवस्थित गरिदिनपर्छ भन्ने पाटोबाट हामीले छलफल गरिरहेका छौं ।

"

- व्यवसाय विगतदेखि नै अस्वस्थ भए पनि विगतमा कानुन परिपालना गराउने अड्डाहरु केही सहज थिए । हामीले लामो समयदेखि थिति बसाल्न कानुन संशोधन गरौं, पारदर्शी बनाउँ भन्दै आयौं । अहिले त्यही पुरानो थितिलाई टेकेर व्यवसाय गर्नसक्ने अवस्था छैन । त्यही भएर पनि अलिकति बिरामी छ, पेसा ।
- यही पेसाले करिब ४० लाख जनशक्तिलाई वैदेशिक रोजगारीमा व्यवस्थापन गरेको छ । ५० सालभन्दा पछाडि लगभग १६० खर्ब रेमिट्यान्स भित्र्याएर अर्थतन्त्र चलायमान बनायो, विदेशी मुद्रा सञ्चिति बढायो, सर्वसाधारण जनतालाई शिक्षा र स्वास्थ्यको पहुँचमा पुऱ्यायो । यो पेसाको योगदानका कुरालाई पनि सकारात्मक ढंगबाट जनमानसमा पुऱ्याउन सक्नुपर्छ ।
- वैदेशिक रोजगार व्यवसायीले राज्यले ल्याएका सबै नीतिहरु मानेर काम गरिरहेका हुन्छन् । व्यवसायीले गम्भीर भएर आफैं बुझ्नुपर्ने विषयचाहिँ संस्थागत सुशासन हो । श्रमिकको हित, संस्थागत-समाजिक उत्तरदायित्व, सामाजिक अनुपालनका सन्दर्भमा व्यवसायीले सोच्नपर्छ । सबैपक्षबाट श्रमिकको हित पहिलो प्राथमिकता हो तर हामी व्यवसायी भएकोले व्यवसाय गरिसकेपछि त्यसको प्रतिफल प्राप्त गर्नुपर्छ भन्ने पनि हो ।
- हामीले पुरानै ऐनका व्यवस्थाबाट व्यवसाय सञ्चालन गर्न सक्दैनौं भनेर स्पष्ट भनेका छौं । सरकारले सर्वपक्षीय सर्वस्वीकार्य ऐन र लागत निर्धारण गर्नुपर्छ । कमसेकम व्यवसायीले बाँच्नसक्ने सेवा शुल्क निर्धारण गरिनुपर्छ । त्यसो भए हामी व्यवसायी पनि अक्षरशः कानुन पालना गर्न तयार हुन्छौं ।
- हिजो सरकार अस्थिर थियो । त्यस कारण पनि कतिपय विषय सम्बोधन हुन सकेनन् होला । अहिलेको सरकार स्थिर छ । परिवर्तन चाहन्छ । पपुलिस्ट हुनमात्र निर्णय नगरी व्यावहारिक भएर निर्णय गर्छ भन्नेमा थोरै विश्वास छ ।



**ग्यास भर्न लाइन** | वीरेन्द्रनगरपालिका-६, सुर्खेतको मुख्य बजारस्थित ग्यास पसलमा ग्यास भर्न लाइनमा आइतबार राखिएको खाली सिलिण्डर । *तस्विर: केदार मगर/रासस*

मधेसमा लागुऔषधविरूद्ध अभियान

# तीन वर्षमा दुई हजार ८११ जना पक्राउ

**जनकपुरधाम–** प्रतिबन्धित लागुऔषध नियन्त्रणका लागि प्रहरीले मधेस प्रदेशमा विशेष अभियान चलाएपछि लागुऔषध सेवनकर्ता र कारोबारीहरू धमाधम पक्राउ पर्न थालेका छन् । लागुऔषधविरुद्धको अभियानअन्तर्गत प्रहरीले नियमित जाँच गर्न थालेपछि मधेस प्रदेशका आठवटै जिल्लामा गाँजा, चरेस, अफिम, ब्राउन सुगरलगायत लागुऔषध कारोबारमा संलग्नहरू पक्राउ पर्न थालेका हुन् ।

संगठित अपराध लागुऔषधविरुद्ध अभियान चलाएको प्रहरीले मधेस प्रदेशका आठवटै जिल्लाबाट ठूलो परिमाणमा लागुऔषध पनि बरामद गर्दै आएको छ । मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार बितेका तीन आर्थिक वर्षमा मधेस प्रदेशमा विभिन्न प्रकारका लागुऔषधसहित दुई हजार ८११ जना पक्राउ परेका छन् भने दुई हजार १२१ वटा लागुऔषध सम्बन्धित मुद्दा दर्ता भएका छन् ।

उक्त अवधिमा दुई हजार ५५४ नेपाली, २५३ भारतीय र एक विदेशी नागरिकसहित दुई हजार ८११ जना पक्राउ परेको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभुप्रसाद ढकालले जानकारी दिए । बितेको आवमा मधेस प्रदेशमा लागुऔषधसहित प्रहरीले ७८६ नेपाली, ८४ भारतीय र एक विदेशी गरी ८७१ जनालाई पक्राउ गरेको छ भने ६३० वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएको छ ।

यसैगरी, सो अवधिमा १५ हजार ३८२ किलोग्राम गाँजा, ५१६ ग्राम ब्राउन सुगर, २७२ किलोग्राम चरेस, तीन किलोग्राम अफिम, दुई हजार ८३१ ग्राम हिरोइन, चार लाख ७३ हजार ४८५ वटा टचाब्लेट, दुई हजार ११८ सिरफ र १८ हजार १२५ इन्जेक्सन बरामद भएको प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताए ।

> “बितेका तीन आर्थिक वर्षमा दुई हजार ५५४ नेपाली, २५३ भारतीय र एक विदेशी नागरिकसहित दुई हजार ८११ जना पक्राउ परेको मधेस प्रदेश प्रहरी कार्यालयका अनुशार । बितेको आवमा मधेस प्रदेशमा लागुऔषधसहित प्रहरीले ७८६ नेपाली, ८४ भारतीय र एक विदेशी गरी ८७१ जनालाई पक्राउ गरेको छ भने ६३० वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएको छ ।

उनका अनुसार अघिल्लो आव २०८१/८२ मा लागुऔषधसहित ८३६ जना पक्राउ पर्दा ५८५ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएको थियो । त्यस क्रममा १६ हजार ५७३ किलोग्राम गाँजा, ६१ ग्राम ब्राउनसुगर, ५०५ किलो ग्राम चरेस, ४५ किलो ग्राम अफिम, दुई हजार ७०५ ग्राम हिरोइन, तीन लाख ७० हजार ४४२ टचाब्लेट, सात हजार ५०४ सिरफ र ६१ हजार ३३३ इन्जेक्सन बरामद भएको थियो ।

यसअघि गत आव २०८०/८१ मा प्रहरीले मधेस प्रदेशबाट लागुऔषधसहित एक हजार १०४ जनालाई पक्राउ गरेको थियो भने ७९७ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएको थियो । सो आवमा आठ हजार ५३९ किलो गाँजा, ५९४ ग्राम ब्राउन सुगर, १२१ किलो १४६ ग्राम चरेस, एक ग्राम अफिम, एक हजार १३१ ग्राम सात हजार १११ मिलिग्राम हिरोइन, ४९ हजार ८८८ वटा टचाब्लेट, तीन हजार ४१६ सिरफ र ५४ हजार ४०४ इन्जेक्सन बरामद भएको थियो । यसरी खुला सिमानाकाको फाइदा उठाउँदै नेपाल-भारत सीमा जोड्ने विभिन्न नाकाका औषधि पसलहरूबाट सहजै ल्याउने लागुऔषध राजधानी काठमाडौंसम्म पुग्ने गरेका छन् ।

सीमावर्ती भारतीय बजारमा पुगेर लागुऔषध सेवन र खरिद गरी नेपाल ल्याउने युवा जमात बढ्दो छ । प्रहरीले सीमा नाकामा ओहोरदोहोर गर्ने युवा जमातलाई लक्षित गरेर चेकजाँचलाई कडाइ गरेसँगै अधिकांश युवाको साथबाट केही न केही मात्रामा लागुऔषधका सामग्रीहरू बरामद हुने गरेको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले बताए ।

लागुऔषध सेवन र कारोबारीको आरोपमा पक्राउ पर्नेमा अधिकांश २० देखि ३० वर्ष उमेर समूहका युवा छन् । अभिभावकविहीनहरू लागुऔषधको कुलतमा फसेका उनले बताए । पढाइ छोडेर बसेका, काम नपाएर फुर्सदमा बसेका युवा साथीसंगतको बहकाउमा परेर दुर्व्यसनीमा फस्ने गरेको प्रहरी नायब महानिरीक्षक अधिकारीले बताए ।

‘यसअघि प्रायः जसो युवा लागुऔषधको दुर्व्यसनमा फसेकाजस्तो लाग्थ्यो,’ उनले भने, ‘हिजोआज बालबालिका, किशोरकिशोरी र महिला यसमा फसेका भेटिन्छन् । छोरालाई प्रहरीले पक्राउ गरेर मुद्दा चलाउँदा पनि अभिभावक आफ्ना सन्तान लागुऔषधको कुलतमा फसेको पत्याउँदैनन् । लागुऔषध दुर्व्यसनबाट बच्न अभिभावक, विद्यालय, शिक्षक र परिवार आफैं सचेत हुनुपर्छ ।’ *रासस*

# भारतीय बिरामीको उपचार गन्तव्य बन्दै भरतपुर आँखा अस्पताल ठोरी

**चितवन–** नेपालको सीमावर्ती गाउँमा सञ्चालनमा रहेको एउटा आँखा अस्पताल यतिबेला हजारौं भारतीय बिरामीको उपचार केन्द्र बनेको छ । पर्साको ठोरीमा रहेको भरतपुर आँखा अस्पतालमा उपचारका लागि आउने बिरामीमध्ये ९७ प्रतिशत भारतीय हुने गरेका छन् । अस्पताल नेपाल नेत्रज्योति संघ चितवनले सञ्चालन गरेको हो ।

आफ्नै देशमा नजिक गुणस्तरीय आँखा उपचार सेवा नपाएपछि सीमापारिका भारतीय नागरिक उपचारका लागि नेपाल आउने गरेका हुन् । अस्पतालका प्रमुख दिपेश सुवेदीका अनुसार गत आर्थिक वर्षमा १४ हजार ५८१ जनाले सेवा लिएका थिए । तीमध्ये १४ हजार १८१ जना अर्थात् ९७ प्रतिशत भारतीय बिरामी छन् ।

उनका अनुसार गर्मीयाममा दैनिक ४० देखि ४५ जना र जाडो याममा करिब ८० जना बिरामी उपचारका लागि आउने गर्छन् । जाडोमा नियमित तथा गर्मीमा हरेक बिहीबारमात्रै अस्पतालमा शल्यक्रिया हुन्छ । अस्पतालले गत वर्ष ६२४ जनाको आँखाको शल्यक्रिया गरेको थियो ।

गर्मी मौसममा शल्यक्रियापछि नुहाउन नमिल्ने र संक्रमणको जोखिम बढी हुने भन्ने गलत धारणा फैलिएकाले त्यस समयमा बिरामीको चाप केही घट्ने गरेको सुवेदीले बताए । नेपाल नेत्रज्योति संघ चितवन शाखाका सचिव केशव अधिकारीका अनुसार भारतका सीमावर्ती क्षेत्रबाट मात्र होइन, करिब १०० किलोमिटर टाढासम्मका बिरामी पनि उपचारका लागि ठोरी पुग्ने गरेका छन् । भारततर्फ नजिकै गुणस्तरीय आँखा अस्पताल नहुँदा दिल्लीलगायतका ठूला सहर पुग्नुपर्ने बाध्यता रहेका बिरामीका लागि ठोरी सहज विकल्प बनेको उनको भनाइ छ । ‘कम शुल्कमा गुणस्तरीय उपचार र छोटो दूरीमै सेवा पाइने भएकाले भारतीय बिरामीको आकर्षण यस अस्पतालतर्फ बढ्दो छ,’ अधिकारीले भने ।

स्थानीय समुदायलाई लक्षित गरेर स्थापना गरिएको अस्पताल अहिले सीमापार स्वास्थ्य सेवाको सफल उदाहरण बनेको छ । अस्पतालले नेपाली र भारतीय दुवै समुदायका बिरामीलाई समानरूपमा सेवा दिँदै आएको छ ।

अस्पताललाई अब वातावरणमैत्री ‘ग्रिन अस्पताल’का रूपमा विकास गर्ने तयारी भइरहेको छ । दुई बिघा क्षेत्रफलमा कम्पाउण्ड निर्माणका साथै शल्यक्रियापछि बिरामी र कुरुवाका लागि बसोबास तथा भान्सासहितको सुविधा विस्तार गर्ने काम अघि बढाइएको अधिकारीले जानकारी दिए । भरतपुर आँखा अस्पतालको विस्तारित सेवाका रूपमा सञ्चालित यस अस्पतालले सीमावर्ती क्षेत्रमा सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँदै नेपाल-भारत स्वास्थ्य सहकार्यको उदाहरण प्रस्तुत गरिरहेको छ । यसको मुख्य अस्पताल चितवनको भरतपुर महानगरपालिका-१०, बाइपासमा रहेको छ । *रासस*

# गौरीफन्टा नाकामा ‘बोर्डर इन्टरयाक्सन टिम’ परिचालन



**सुदूरपश्चिम–** नेपाल-भारत सीमा क्षेत्रको सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउने उद्देश्यले कैलाली-कञ्चनपुरको गौरीफन्टा नाकामा ‘बोर्डर इन्टरयाक्सन टिम’ (बिआइटी) परिचालन गरिएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नं ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलालीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दिगविजय सुवेदीले आइतबार कञ्चनपुरको पुनर्वास नगरपालिका-११ डोकेबजारस्थित गौरीफन्टा सीमानाकामा आयोजित कार्यक्रममा सीमा संवाद समूह (बोर्डर इन्टरयाक्सन टिम) परिचालन गरिएको घोषणा गरेका हुन् ।

सशस्त्र प्रहरीका प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलको सीमा सुरक्षालाई थप प्रभावकारी बनाउने योजनाअनुसार गौरीफन्टा नाकामा ‘बिआइटी’ परिचालन गरिएको बताए । सशस्त्र प्रहरीका प्रहरी नायब महानिरीक्षक सुवेदीले सीमानाकामा कडा सुरक्षा र सहज आवागमनबीच सन्तुलन कायम गर्दै नागरिकसँग प्रत्यक्ष समन्वय बढाउने उद्देश्यले टोली परिचालन गरिएको जानकारी दिए ।

उनका अनुसार सादा पोसाकमा परिचालित टोलीमार्फत सीमा क्षेत्रमा हुनसक्ने आपराधिक गतिविधि नियन्त्रण, आवश्यक सूचना संकलन तथा सूचना आदानप्रदानलाई प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । सीमा नाकाबाट आवतजावत गर्ने नागरिकले वर्दीधारी सुरक्षाकर्मीभन्दा सादा पोसाकमा रहेका टोलीसँग सहजरूपमा सम्पर्क गर्नसक्ने भएकाले सुरक्षासम्बन्धी सूचना प्राप्त गर्न र नागरिकसँग विश्वासको सम्बन्ध विस्तार गर्न यो अवधारणा उपयोगी हुने उनको भनाइ छ ।

बाहिनीपति सुवेदीले सीमा समन्वय टोलीमा खटिएका सशस्त्र प्रहरी कर्मचारीलाई ‘निगरानी, समन्वय र नियन्त्रण’को नीतिअनुसार अनुशासित, नागरिकमैत्री र त्रुटिरहित ढंगले जिम्मेवारी निर्वाह गर्न निर्देशनसमेत दिए ।

सशस्त्र प्रहरीले सीमा प्रवेश बिन्दुहरूमा यस्ता टोली परिचालन गर्दै सीमासुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी, नागरिकमैत्री र सूचना-आधारित बनाउने रणनीति अघि बढाएको जनाएको छ । हाल गौरीफन्टा नाकासहित हाल देशका विभिन्न छ जिल्लामा कार्यारम्भ गरिएको हो ।

कार्यक्रममा सशस्त्र प्रहरी बल नं ३४ गण मुख्यालय कैलालीका गणपति खुमबहादुर केसी, कैलाली र कञ्चनपुरका सीमावर्ती क्षेत्रका सशस्त्र प्रहरी इकाइ प्रमुख, सीमावर्ती वडाका जनप्रतिनिधि तथा नेपाल प्रहरी त्रिनगर प्रहरी चौकीका प्रमुख एवं प्रहरी वरिष्ठ नायब निरीक्षक नैनसिंह भाटलगायतको उपस्थिति थियो । *रासस*

# भजनमा रमाउँदै युवा



**चितवन–** केही वर्षअघिसम्म भजनकीर्तन भनेपछि धेरैको मनमा उमेर ढल्किएका बुबाआमाको समूह, मन्दिरको शान्त वातावरण र सीमित सहभागिताको चित्र आउँथ्यो । तर चितवनमा भने त्यो धारणा बदलिँदै गएको छ । अहिले हरेक शनिबार साँझ मन्दिर परिसरमा सयौं युवा भेला हुन्छन् । मादल, झ्याली र हार्मोनियमको तालसँगै उनीहरू भजनमा रमाउँछन्, नाच्छन् र आधा घण्टा होइन, डेढ घण्टासम्म भजनकीर्तनको लयमा डुब्छन् ।

यसका कारण हो, सामाजिक सञ्जालबाट जन्मिएको ‘एमआरआर’ (मेन्स रुम रिलोडेड) अभियान । गत वर्ष साउनमा भरतपुरस्थित महाकालेश्वर शिवालय मन्दिरबाट २० जना सहभागी भएर सुरु भएको यो अभियान अहिले चितवनका विभिन्न मन्दिरमा विस्तार भएको छ । अहिले हरेक शनिबार साँझ ५:०० बजेदेखि ६:३० बजेसम्म हुने भजनमा एक हजारभन्दा बढी सहभागी हुने गरेका छन् ।

अभियानका संयोजकमध्येका एक फणिन्द्र न्यौपानेका अनुसार सुरुमा केही युवाको प्रयासमा सुरु गरिएको भजन अहिले समुदायको साझा अभियान बनेको छ । ‘सुरुसुरुमा २०-२५ जनामात्रै हुन्थ्यौं,’ उनी भन्छन्, ‘अहिले त सहभागीको संख्या थामिनसक्नु भएको छ ।’

एमआरआरको विशेषता एउटै स्थानमा सीमित नहुनु हो । हरेक शनिबार फरक-फरक मन्दिरमा भजन आयोजना गरिन्छ । मन्दिर व्यवस्थापन समितिले समूहलाई निमन्त्रणा गर्ने गर्छ । त्यसपछि संयोजक न्यौपाने, एकान्त प्रेमी र रवि खरेलले कुन मन्दिरमा जाने भन्ने निर्णय गर्छन् । सामाजिक सञ्जालमार्फत स्थान र समय सार्वजनिक गरिन्छ र त्यसपछि स्थानीयवासी स्वतः भजनमा सहभागी हुन पुग्छन् ।

भजनका लागि करिब ४०-५० जना युवा वाद्यवादन सामग्रीसहित मन्दिर पुग्ने गर्छन् भने मन्दिरले बस्ने व्यवस्था र ‘साउण्ड सिस्टम’ उपलब्ध गराउँछ । सामान्यतया २५ देखि ४० वर्ष उमेर समूहका युवाको सहभागिता बढी हुने गरेको छ ।

एमआरआरमा सहभागी युवाले भजनका लागि कुनै शुल्क लिँदैनन् । अभियान पूर्णरूपमा स्वःस्फूर्त र सेवामूलक रहेको न्यौपाने बताउँछन् । प्राथमिकता चितवनभित्रका मन्दिरलाई दिइए पनि आवश्यकताअनुसार अन्य जिल्लामा पनि भजन गर्न जाने गरिएको छ । भजन आरतीसँगै सुरु हुन्छ । त्यसपछि युवाले पालैपालो टुक्का निकालेर भजन गाउँछन् । मन्दिर परिसरमा उपस्थित स्थानीय पनि गीत, भजन र नृत्यमार्फत सहभागी बन्छन् । भजनस्थलमा स्वास्थ्य सेवाको व्यवस्था गर्न थालिएको छ ।

संयोजक न्यौपानेका अनुसार यो अभियानको उद्देश्य केबल धार्मिक कार्यक्रम आयोजना गर्नुमात्र होइन । युवालाई मानसिक तनावबाट मुक्त गराउने, ध्यान केन्द्रित गर्न सहयोग गर्ने र सकारात्मक सोच विकास गर्ने अभियानका रूपमा यसलाई अघि बढाइएको छ । ‘पहिला बुबाआमालेमात्रै गाउने भजनप्रति अहिले युवाको आकर्षण बढेको छ,’ उनी भन्छन्, ‘यसले युवालाई सकारात्मक ऊर्जा दिएको छ ।’

एमआरआर अभियान विस्तारसँगै यसमा जोडिएका युवालाई सामाजिक उत्तरदायित्वका काममा पनि परिचालन गर्न थालिएको छ । विपद् व्यवस्थापन, ट्राफिक व्यवस्थापन, स्वास्थ्य सचेतनालगायतका अभियानमा उनीहरूलाई सहभागी गराइँदै आएको छ । संयोजकहरूका अनुसार अभियान कुनै राजनीतिक दलसँग आबद्ध छैन । यसमा सहभागी सबै युवा स्वतन्त्र र स्वःस्फूर्तरूपमा जोडिएका छन् । एमआरआर भजन अभियानको सुरुआत पोखराका युवाले गरेका थिए । त्यसपछि विस्तार हुँदै अहिले काठमाडौं, चितवन, बुटवल, हेटौंडासहित करिब २० जिल्लामा यो अभियान सञ्चालन भइरहेको छ ।

सामाजिक सञ्जालबाट सुरु भएको एउटा सानो पहल आज हजारौं युवालाई मन्दिर, संगीत, आध्यात्मिकता र समाजसेवामा जोड्ने अभियान बनेको छ । परम्परागतरूपमा ज्येष्ठ पुस्ताको सहभागितामा सीमित मानिएको भजन संस्कृतिमा युवाको बढ्दो उपस्थितिले धार्मिक गतिविधिलाई नयाँ पुस्तासँग जोड्ने एउटा सकारात्मक उदाहरण प्रस्तुत गरेको छ । *रासस*

# प्रभाव दैनिक

रूपशाला


## कस्तुपको 'खाली भयो जेब' सार्वजनिक

कस्तुप पन्तको नयाँ तीज गीत 'खाली भयो जेब' सार्वजनिक गरेका छन् । गायिका एलिना चौहानले गीतमा स्वर दिएकी छन् । गीतमा कस्तुपको शब्द तथा संगीत रहेको छ । रमेश सेञ्चुरीको संगीत संयोजन र कुमार पुनको मिक्सिङ तथा मास्टरिङ रहेको छ । गीतमा रामजी खाँणको पनि स्वर सुन्न सकिन्छ । गीतको भिडियोमा एलिना रायमाझी र पार्वती श्रेष्ठको मुख्य अभिनय रहेको छ ।




सोमबार, ११ साउन २०८३ (Monday, 27 July 2026)


# सुरको साधनामा प्रमेन्द्रको सात दशक



■ वासुदेव पौडेल

**बागमती–** हेटौंडाको हरिकुञ्ज रोडमा एउटा घर छ, जहाँ बिहान-साँझ संगीतका स्वरहरू गुञ्जिरहन्छन् । त्यही घरमा भेटिन्छन्, वरिष्ठ संगीतकार प्रमेन्द्र महर्जन । उमेरले ७० वर्ष नाघिसकेको भए पनि उनको उत्साह, ऊर्जा र संगीतप्रतिको समर्पण भने आज पनि युवा कलाकारको जत्तिकै जीवन्त देखिन्छ ।

हेटौंडामा संगीत सिक्न चाहने धेरै पुस्ताका लागि महर्जन केवल एक संगीतकार होइन, एक गुरु, मार्गदर्शक र प्रेरणाका स्रोत पनि हुन् । पाँच दशकभन्दा लामो सांगीतिक यात्रामा उनले सयौं कलाकार जन्माए, करिब २५० गीतमा संगीत दिए र मकवानपुरको सांगीतिक इतिहासमा आफ्नो छुट्टै पहिचान निर्माण गरे ।

महर्जनको पुर्ख्यौली घर काठमाडौंको कीर्तिपुरस्थित पाँगा हो । तर, कामको सिलसिलामा उनका बुबा हेटौंडा बसाइँ सरेपछि उनको बाल्यकाल यहीँ बित्यो । बुबा धनबहादुर महर्जन विभिन्न नाटकमा अभिनय गर्थे भने आमा नानीमायाले छोराको संगीतप्रतिको रुचिलाई निरन्तर प्रोत्साहन दिइन् । यही पारिवारिक वातावरणले बालक प्रमेन्द्रलाई संगीततर्फ डोऱ्यायो ।

उनको सांगीतिक यात्रा २०२६ सालमा भुटनदेवी माध्यमिक विद्यालयको प्रांगणमा आयोजित सांस्कृतिक कार्यक्रमबाट सुरु भएको थियो । उनले तत्कालीन समयमा हार्मोनियम वादकका रूपमा सांस्कृतिक कार्यक्रममा सहभागी जनाएका थिए ।

महर्जन आफ्नो सफलताको श्रेय आमालाई दिन्छन् । 'आमाले पैसा खर्च गरेर पनि मलाई विभिन्न मेला-महोत्सवमा लैजानुहुन्थ्यो, त्यही वातावरणले सिक्ने अवसर दियो, आज संगीत क्षेत्रमा केही गर्न सक्नुको आधार नै त्यही प्रेरणा हो,' उनी सम्झन्छन् । त्यतिबेला संगीतका सामग्री निकै महँगा थिए । तर, आमा आवश्यक वाद्ययन्त्र किनिदिन कहिल्यै पछि हटिनन् ।

उनको घरमा त्यसबेला नवकला कुञ्जको कार्यालय भाडामा बसेको थियो । कलाकारहरूको जमघट, नियमित पूर्वाभ्यास र संगीतमय वातावरणले उनको रुचिलाई अझ गहिरो बनायो । साथै, तत्कालीन हेटौंडामा बसोबास गर्ने उस्ताद भोला जोशीसँगको संगतले पनि उनको सांगीतिक ज्ञान विस्तार गऱ्यो ।

महर्जनले आधुनिक, सुगम, लोकलयमा आधारित, भक्ति, राष्ट्रिय तथा जनवादी गरी करिब २५० गीतमा संगीत भरेका छन् । उनले पहिलोपटक गीतकार नरहरिनन्द खरेलको रचना तथा उत्तम खरेलको स्वर रहेको 'हे दूर गगनका ताराहरू' गीतमा संगीत दिएका थिए ।

त्यसपछि उनको संगीत यात्रा निरन्तर अघि बढ्दै गयो । विभिन्न राष्ट्रिय पर्व, मेला, महोत्सव तथा सांस्कृतिक कार्यक्रममा उनले संगीत संयोजन गरे । उनले नारायण गोपाल, अरुण थापा, दीपक जंगम, सुनिता सुब्बा, हिरण्य भोजपुरे, पेमा छिरिङलगायत चर्चित स्रस्टासँग प्रत्यक्ष सहकार्य गर्ने अवसर पनि प्राप्त गरे । महर्जनको सबैभन्दा ठूलो योगदान सम्भवतः आफ्ना सिर्जनाभन्दा पनि संगीत सिकाउने अभियान हो । उनले २०३५ सालदेखि अनौपचारिकरूपमा संगीत प्रशिक्षण दिन सुरु गरे । त्यसलाई संस्थागत बनाउन २०४५ सालमा मकवानपुर सांस्कृतिक केन्द्र स्थापना भयो । त्यसअन्तर्गत संगीत विभाग गठन गरी नियमित प्रशिक्षण सुरु गरियो ।

त्यसपछि हेटौंडामात्र होइन, कमाने, नागसोती, चौघडा, बस्तीपुर, भीमफेदी, अमलेखगञ्ज, पशुपतिनगरलगायत क्षेत्रबाट विद्यार्थीहरू संगीत सिक्न आउन थाले । महर्जनका अनुसार २०० भन्दा बढी संगीतकर्मी उनको प्रशिक्षणबाट तयार भएका छन्, जो अहिले देशका विभिन्न क्षेत्रमा सक्रिय छन् ।

संगीतकारमात्र होइन, महर्जन विभिन्न सांस्कृतिक संस्थाका नेतृत्वकर्ता पनि रहेका छन् । उनी २०५६ सालदेखि करिब साढे चार वर्ष भानुकला केन्द्रमा संगीत प्रबन्धक रहे । वि.सं. २०६४ मा पोखरास्थित डाँफे कला मन्दिरमा वाद्यवादकका रूपमा पनि काम गरे ।

यसबीच उनी हेटौंडा मोडल चारपाते क्लब, मुर्छना संगीत समूह, संगत समाज मकवानपुरलगायत संस्थाको अध्यक्ष बने । राष्ट्रिय कला परिषद् तथा भीम विराग संगीत साहित्य कला प्रतिष्ठानजस्ता संस्थामा उनले सल्लाहकारको भूमिका निर्वाह गरेका छन् । सांस्कृतिक क्षेत्रमामात्रै होइन, ज्येष्ठ नागरिकका अधिकारका पक्षमा पनि उनी सक्रिय हुन् । हाल उनी ज्येष्ठ नागरिक वडा मञ्च, हेटौंडा-२ का संयोजक हुन् ।

लामो सांगीतिक योगदानको सम्मानस्वरूप महर्जनले विभिन्न पुरस्कार तथा सम्मान प्राप्त गरेका छन् । वि.सं. २०५५ मा उनी मकवानपुर संगीत प्रतिभा पुरस्कारबाट सम्मानित भए । त्यसपछि नित्य गोविन्द स्मृति संगीत पुरस्कार, कमला भवानी संगीत पुरस्कार, 'मकवानपुर श्री' सम्मानलगायत विभिन्न प्रतिष्ठित सम्मान प्राप्त गरेका छन् । नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानदेखि विभिन्न साहित्यिक तथा सांस्कृतिक संस्थाले उनको योगदानको कदर गरेका छन् ।

### रेडियो नेपालदेखि एल्बमसम्म

महर्जनका सिर्जनाले रेडियो नेपालदेखि सांगीतिक एल्बमसम्म स्थान पाएका छन् । वि.सं. २०५६ मा मनहरि थापाको स्वरमा 'जिन्दगी लिएर के गरौं' गीत रेडियो नेपालबाट रेकर्ड भयो । त्यसपछि उनको एकल संगीत एल्बम 'अभिलाषा' पलायो ।

उनका शब्द तथा संगीतमा तुलुक लामाको स्वर रहेको 'लाग्छ तिमीले मलाई,' राजेश मानन्धरको स्वरमा रहेको 'सपनीमा हैन विपनीमा मेरो,' शम्भुप्रसाद बास्कोटा तथा घनश्याम ढकालले गाएका 'जिन्दगी नै एक खेल हो' र 'जुनेली रातमा को होला'लगायतका गीतले पनि स्रोतामाझ स्थान बनाएका छन् । उनको गीत तथा भक्ति संगीतको संग्रह 'सांगीतिक अनुभूति' समेत प्रकाशित भइसकेको छ ।

अहिले पनि महर्जन विश्राममा बसेका छैनन् । उनी हाल पिएम सेन्टर संगीत विभागका अध्यक्षका रूपमा सक्रिय छन् । विभागमार्फत भक्ति संगीतको संरक्षण, संगीतकर्मीबीच एकता र नयाँ पुस्तालाई प्रशिक्षण दिने अभियान सञ्चालन भइरहेको छ ।

विभागका महासचिव तथा कार्यक्रम संयोजक गहन खतिवडाका अनुसार, हरेक शनिबार अपराह्न ४:०० बजे हेटौंडाको भुवनेश्वर पशुपति मन्दिर परिसरमा चर्चित कलाकारहरूको सहभागितामा नियमित भक्ति संगीत कार्यक्रम आयोजना गरिन्छ ।

यस अभियानको उद्देश्य केवल संगीत प्रस्तुत गर्नुमात्र होइन, धार्मिकस्थलमा सांगीतिक वातावरण सिर्जना गर्दै आध्यात्मिक जागरण, सामाजिक सद्भाव र सांस्कृतिक संरक्षणलाई प्रवर्द्धन गर्नु पनि हो । सात दशकको जीवनमा पाँच दशकभन्दा लामो सांगीतिक साधना, सयौं शिष्य, सयौं सिर्जना र दर्जनौं सम्मान, यी सबैले महर्जनलाई मकवानपुरको सांगीतिक इतिहासमा एक संस्थाका रूपमा स्थापित गरेका छन् ।

उनको यात्रा एउटा कलाकारको व्यक्तिगत सफलताको कथामात्र होइन, संगीतलाई पुस्तान्तरण गर्ने, समाजलाई संस्कृतिसँग जोड्ने र स्थानीय संगीतलाई जीवन्त राख्ने अभियानको कथा पनि हो । आज पनि उनको हार्मोनियमका सुरहरू हेटौंडाको सांगीतिक भविष्यलाई नयाँ पुस्तासम्म पुऱ्याइरहेका छन् । *रासस*

## रंगशाला

# नेपाल लगातार चौथो खेलमा पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** काभा भलिबल च्याम्पियनसिपमा नेपालले लगातार चौथो हार बेहोरेको छ । आइतबार पाकिस्तानको इस्लामावादमा भएको खेलमा नेपाल बंगलादेशसँग ३-२ सेटले पराजित भएको हो ।

नेपालले लगातार दुई पटक सेटमा अग्रता बनाएको थियो । तर उक्त अग्रता जोगाउन नसक्दा पराजय बेहोर्नुपऱ्यो । नेपालले पहिलो सेटमा २५-१८ ले जित निकालेको थियो । दोस्रो सेट १९-२५ ले गुमायो । तेस्रो सेट पुनः २५-२१ ले जित्दै २-१ को अग्रता बनाउन सफल भयो । तर, चौथो सेटमा २३-२५ र निर्णायक सेटमा ११-१५ ले पराजित हुन पुग्यो । यसअघि नेपालले कजागस्तान र श्रीलंकासँग समान ३-२ कै सेटमा पराजित भएको थियो । घरेलु टोली पाकिस्तानसँग सोझो सेटमा पराजित भएको थियो । लगातार चार खेलमा पराजित हुँदै तीन अंक जोडेपछि नेपालको सेमिफाइनल सम्भावना कमजोर बनेको छ ।

# तेक्वान्दो खेलाडी वैभवीलाई चीनमा स्वर्णसहित दुई पदक

**काठमाडौं (प्रस)–** तेक्वान्दो खेलाडी वैभवी सापकोटाले हाइनान कप अन्तर्राष्ट्रिय आमन्त्रण तेक्वान्दो प्रतियोगितामा नेपाललाई स्वर्णसहित दुई पदक दिलाएकी छन् ।

चीनको हाइनान प्रदेशस्थित हाइकाउ सहरको तुनचाङ काउन्टी रंगशालामा भएको उक्त प्रतियोगितामा वैभवीले पुम्से विधामा स्वर्ण र क्योरुगी विधामा दोस्रो हुँदै रजत पदक जितेकी हुन् । उक्त प्रतियोगितामा दक्षिण कोरिया, फिलिपिन्स, इन्डोनेसिया, सिंगापुर, मलेसिया, बंगलादेश, थाइल्यान्ड, भियतनाम, हङकङ, पाकिस्तानलगायत देशका खेलाडीको सहभागिता रहेको थियो ।

अन्तिम चरणमा थाइल्यान्ड र चीनलाई पराजित गर्दै वैभवीले पुम्से विधामा स्वर्ण जितेकी हुन् । उता क्योरुगी विधाको निकै प्रतिस्पर्धात्मक खेलमा थाइल्यान्डसँग अन्तिम चरणमा पराजित हुँदै वैभवी दोस्रो भइन् ।


**साउदीमा रोजगार** कम्पनी : GROW TOGETHER CO. LTD

पूर्व स्वीकृति मिति : २०८३/०४/०७ | LT. No. 345422 | चलानी नं. ६०२५८६७३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1. | Cleaner General | 9 | 0 | 1000 | ४१,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १८ गते (3rd Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, +977 981-3407729,+977 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

**मलेसियामा रोजगार** कम्पनी : KURNIAWAN SECURITY SERVICES SDN.BHD

पूर्व स्वीकृति मिति : २०८२/११/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०८ | LT. No. 339062 | चलानी नं. ६०२५२५९१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 50 | 0 | 1700 | ६४,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ साउन १८ गते (3rd August 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Overseas Pvt. Ltd.
Dhobighat-3, Ringroad, Lalitpur, Nepal, 01–5153055 / 01–5153033
Email: luckyoverseas1998@gmail.com | overseaslucky@gmail.com, Website: www.luckyoverseas.com
श्रम ईजाजत नं. १३८/०५५/०५६

**साउदीमा रोजगार** कम्पनी : HORIZON OF HAPPINESS FOUNDATION

पूर्व स्वीकृति मिति : २०८३/०४/०८ | LT. No. 345419 | चलानी नं. ६०२५८६९९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४९,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १८ गते (3rd Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, Ganga Khadka 9802358961, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

**कतार/मलेसियामा रोजगार** कम्पनी : PARADISE BEAUTY SALON

शेवा शुल्क: १0,000

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१० | LT. No. 331560 | चलानी नं. ६०२४५३५९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Beautician | 0 | 2 | 1700 | ७२,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FC UNGGUL SDN. BHD.

शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१० | LT. No. 340092 | चलानी नं.६०२५३५५९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Agriculture Labour | 30 | 0 | 1700 | ६४,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १८ गते (3rd Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**मलेसियामा रोजगार** कम्पनी : FUNDAMENTAL GAINS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०४/०८ | LT. No. 345437 | चलानी नं. ६०२५८७०१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker/P.O. | 5 | 13 | 1700 | ६४,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : NOTRE DAME NURSERY SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०४/०८ | LT. No. 345436 | चलानी नं. ६०२५८७००

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Agriculture Labour | 10 | 0 | 1700 | ६४,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १८ गते (3rd Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sansar International Services Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Man bir Khatri 9849548340
श्रम ईजाजत नं. ८९८/०६७/०६८

**ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!**
**शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ADNH CATERING, UAE
कम्पनी : एडीएनएच क्याटरीङ, युएई

Pre Approval Date : 2025-04-11 | Post Approval Date : 2026-07-23 | LT. No. 321977 | चलानी नं. ६०२३६०८९
पूर्व स्वीकृति मिति : २०८१/१२/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०७ | एल टि न. ३२१९७७ | Invoice No. 60236089

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Waiter (General) | 0 | 89 | 1200 | ५०,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

The final interview will be conducted in the office on 28th July 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १२ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस बिज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७



भारतको अहमदाबादमा लामखुट्टेबाट सर्ने रोगहरू रोक्नका लागि आवासीय क्षेत्रमा धुवाँ छर्कंदै नगरपालिका कर्मचारी । तस्बिरः एएफपी

# 'नाउल' टाइफुनले दक्षिणी चीनमा जनजीवन प्रभावित

**हङकङ–** शक्तिशाली टाइफुन 'नाउल' आइतबार बिहान दक्षिणी चीनमा ठोक्किएपछि ग्वाङडोङ प्रान्तमा तीव्र हावाहुरी र भारी वर्षा भएको छ । आँधीका कारण सात लाखभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ भने सयौं उडान र रेल सेवा रद्द गरिएको छ ।

चीनको राष्ट्रिय मौसम केन्द्रका अनुसार 'नाउल' आइतबार बिहान ३:५० बजे दक्षिणी ग्वाङडोङ प्रान्तको हुइझोउ सहरअन्तर्गत हुइडोङ काउन्टीको तटीय क्षेत्रमा ठोक्किएको हो । चीनको सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार यो वर्ष चीनमा ठोक्किएको सबैभन्दा शक्तिशाली टाइफुन हो ।

हङकङको मौसम विभागका अनुसार आँधीको केन्द्रनजिक अधिकतम हावाको गति प्रतिघण्टा ११० किलोमिटर पुगेको थियो । ग्वाङडोङको भित्री भूभागतर्फ अघि बढ्दै गर्दा 'नाउल' क्रमशः कमजोर भए पनि विभिन्न क्षेत्रमा तीव्र हावाहुरी र भारी वर्षा भएको थियो । सरकारी स्वामित्वको चाइना नेसनल रेडियोका अनुसार ग्वाङडोङमा सुरक्षाका लागि सात लाख १५ हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । चाइना न्युज सर्भिसका अनुसार आँधीका कारण आइतबारका लागि प्रान्तका केही रेल सेवा पनि रद्द गरिएको थियो ।



चीनको राष्ट्रिय मौसम विज्ञान केन्द्रले दक्षिणी ग्वाङडोङ र दक्षिणपूर्वी फुजियान प्रान्तका केही क्षेत्रमा भारी वर्षा र तीव्र हावाहुरीको चेतावनी दिएको थियो । सरकारी प्रसारण संस्था सिसिटिभीका अनुसार ग्वाङडोङको तटीय हुइलाइ काउन्टीमा आँधीका कारण धेरै रूख ढलेका छन् ।

हङकङ विमानस्थल प्राधिकरणका अनुसार आइतबार करिब ३५० उडान रद्द गरिएको छ । हङकङका अधिकारीले आँधीका कारण सहरभरि कम्तीमा नौ जना घाइते भएको बताएका छन् । स्थानीय प्रहरीका अनुसार 'नाउल' हङकङनजिक पुग्दै गर्दा शनिबार दिउँसो एउटा अग्लो भवनमा जडान गरिएको मचानको केही भाग भत्किएको थियो । प्रारम्भिक विवरणअनुसार उक्त घटनामा कोही पनि घाइते भएका थिएनन् ।

ताइवानको केन्द्रीय मौसम प्रशासनका अनुसार 'नाउल'का कारण ताइवानको दक्षिणी तथा पूर्वी क्षेत्रमा वर्षा भएको थियो । आँधी ताइवानको दक्षिणी समुद्री क्षेत्र हुँदै अघि बढेको थियो ।

यसै महिनाको सुरुमा टाइफुन 'भाभी'ले पूर्वी चीनमा तीव्र हावाहुरी र भारी वर्षा गराउँदा २० लाखभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो । 'भाभी' जुलाई ११ मा चीनको जमिनमा ठोक्किएको थियो । यसअघि जुलाई ३ मा टाइफुन 'मेसाक' दक्षिणी चीनमा ठोक्किएको थियो । *रासस⁄एपी*


# माउन्ट ओलम्पस र जापानका प्राचीन राजधानी विश्व सम्पदा सूचीमा

**सोल–** दक्षिण कोरियामा जारी संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) को विश्व सम्पदा समितिको बैठकले ग्रीसको प्रसिद्ध माउन्ट ओलम्पस तथा जापानका प्राचीन राजधानी आसुका र फुजिवारालाई विश्व सम्पदा सूचीमा समावेश गरेको छ ।

बुसानमा बुधबारसम्म चल्ने समितिको बैठकले दक्षिण सुडानको 'बोमा-बाडिंगिलो माइग्रेटरी ल्यान्डस्केप'लाई पनि विश्व सम्पदा सूचीमा समावेश गरेको छ । विश्वकै सबैभन्दा ठूलो स्थलीय स्तनधारी जीवको बसाइँसराइ हुने क्षेत्रमध्ये एक मानिने यो स्थल दक्षिण सुडानबाट विश्व सम्पदा सूचीमा समावेश भएको पहिलो सम्पदा हो ।

१२औं ओलम्पियन देवताको पौराणिक बासस्थान मानिने माउन्ट ओलम्पसलाई सांस्कृतिक तथा प्राकृतिक दुवै महत्त्व बोकेको मिश्रित सम्पदाका रूपमा सूचीकृत गराउन ग्रीसले गरेको १२ वर्ष लामो प्रयासले सफलता पाएको हो । समुद्री सतहबाट दुई हजार ९१८ मिटर उचाइमा रहेको यो हिमाललाई प्राचीन ग्रीक मिथकमा देवताका राजा जियसको सिंहासन मानिन्थ्यो । यहाँ जैविक विविधता पनि समृद्ध रहेको छ ।

माउन्ट ओलम्पसको फेदीमा रहेको डिओन-ओलम्पस नगरपालिकाका मेयर इभान्जेलोस गेरोलिओलियोसले विश्व सम्पदा सूचीमा समावेश भएपछि यसको संरक्षणको दायित्व थप बढेको बताएका छन् । उनका अनुसार यसबाट पर्यटन बढ्ने सम्भावनासँगै त्यसबाट वातावरणमा पर्न सक्ने प्रभावलाई समेत ध्यान दिनुपर्ने छ । युनेस्कोका लागि ग्रीसका प्रतिनिधि जर्जियोस कौमौत्साकोसले माउन्ट ओलम्पसको संरक्षण गर्दै वर्तमान तथा भावी पुस्तालाई हस्तान्तरण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।



यसैगरी, जापानको नारा प्रिफेक्चरमा रहेका आसुका र फुजिवारा प्राचीन राजधानी क्षेत्रका १९ पुरातात्त्विकस्थल विश्व सम्पदा सूचीमा समावेश भएका छन् । छैटौंदेखि आठौं शताब्दीसम्मका यी स्थलमा जापानमा चिनियाँ प्रणालीको प्रभावमा विकसित पहिलो केन्द्रीकृत राज्यका दरबार, सरकारी कार्यालय, बौद्ध मन्दिर तथा चिहानका अवशेष रहेका छन् । यी प्राचीन राजधानीले पछि विकसित नारा र क्योटो राजधानीको स्वरूपमा प्रभाव पारेका थिए । जापानका संस्कृतिमन्त्री कोबायाशी शिगेकीले विश्व सम्पदा सूचीमा समावेश गरेकोमा युनेस्को समितिप्रति आभार व्यक्त गर्दै यी सम्पदालाई भावी पुस्तासम्म सुरक्षितरूपमा हस्तान्तरण गर्ने प्रतिबद्धता जनाएका छन् ।

नारा निवासी जापानी प्रधानमन्त्री सानाए ताकाइचीले सामाजिक सञ्जाल 'एक्स'मार्फत विश्व सम्पदा मान्यता प्राप्त भएपछि उक्त क्षेत्रमा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने आशा व्यक्त गरेका छन् । नारा विश्वविद्यालयका पुरातत्त्व प्राध्यापक योशियुकी आइहाराका अनुसार आसुका-फुजिवारा क्षेत्र जापानको प्राचीन राज्य निर्माणमा चीन तथा कोरियाली प्रायद्वीपको प्रभाव बुझ्न महत्त्वपूर्ण छ । उनका अनुसार उक्त क्षेत्रमा जमिनमुनि पुरिएका ऐतिहासिक अवशेष अझै उत्खनन भइरहेका छन् ।

दक्षिण सुडानको बोमा-बाडिंगिलो क्षेत्रमा मौसमी वर्षा र बाढीले निर्माण गरेका विशाल सिमसार, बाढी मैदान तथा सवाना क्षेत्र रहेका छन् । युनेस्कोका अनुसार यहाँ अनुमानित ६० लाख सेतो कान भएका कोब, टियाङ र मोंगल्ला हरिणले वातावरणीय अवस्थाअनुसार मौसमी बसाइँसराइ गर्छन् ।

उक्त क्षेत्र हात्ती, सिंह, चितुवालगायतका वन्यजन्तुको महत्त्वपूर्ण बासस्थानसमेत हो । साथै, शताब्दीयौंदेखि पशुपालन, खेतीपाती तथा माछा मारेर जीविकोपार्जन गर्दै आएका विभिन्न जातीय समुदाय पनि यस क्षेत्रमा बसोबास गर्छन् । *रासस⁄एपी*

# तीव्र हावाले डढेलो फैलिँदा फ्रान्समा दुई लाख ५० हजारभन्दा बढी विस्थापित

**बोर्दो–** दक्षिण-पश्चिम फ्रान्समा फैलिएको भीषण डढेलोका कारण आइतबार राति थप ५५ हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । यससँगै उक्त क्षेत्रमा डढेलोका कारण घर छाड्न बाध्य हुनेको संख्या दुई लाख ५० हजारभन्दा बढी पुगेको छ । आगो वाइन उत्पादनका लागि प्रसिद्ध सहर बोर्दोनजिक पुग्दै गएको अधिकारीले बताएका छन् ।

बोर्दोस्थित गिरोन्ड क्षेत्रका अधिकारीले सहरको दक्षिण-पश्चिममा रहेका थप पाँच बस्तीका बासिन्दालाई राति नै सुरक्षित स्थानमा सर्न आदेश दिएका छन् । गिरोन्ड प्रशासनका अनुसार रातभर चलेको तीव्र हावाले डढेलो थप फैलिन सहयोग गरेको छ । साताको मध्यदेखि नियन्त्रणबाहिर रहेको आगोका कारण आइतबार बिहानसम्म करिब ४२ हजार हेक्टर क्षेत्रमा क्षति पुगेको अनुमान गरिएको छ । उक्त क्षेत्रफल म्यानहटन टापुभन्दा करिब सात गुणा र पेरिस सहरभन्दा चार गुणा ठूलो हो ।

यस वर्ष लगातारको तातो हावाको लहरका कारण सुक्खा बनेका पाइनका जंगल र झाडी क्षेत्र डढेलोको उच्च जोखिममा परेका छन् । दमकलकर्मीहरूले जमिन र आकाशबाट बोर्दोतर्फ बढिरहेको आगो नियन्त्रण गर्ने प्रयास गरिरहेका छन् । अग्निनियन्त्रण विमानबाट पानी र आगो फैलिन नदिने रसायन छर्किने काम भइरहेको छ । चौबीसै घण्टा खटिएका



दमकलकर्मीलाई सहयोग गर्न सेनासमेत परिचालन गरिएको छ ।

बोर्दोका मेयर थोमस काजेनाभले आगो महानगरीय क्षेत्रको ढोकैमा आइपुगेको बताएका छन् । आगो सहरको सबैभन्दा नजिकको बिन्दुबाट करिब १५ किलोमिटरको दूरीसम्म पुगेको उनले जानकारी दिएका छन् । गिरोन्डका अधिकारीले बोर्दो प्रवेश गर्ने र बाहिरिने मुख्य राजमार्गको केही भागसमेत बन्द गर्न आदेश दिएका छन् ।

यसैबीच, छिमेकी स्पेनमा पनि पूर्वी तटीय भ्यालेन्सिया क्षेत्रमा लागेको डढेलोका कारण मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको छ । यसै साता भ्यालेन्सिया र म्याड्रिडको पश्चिमी क्षेत्रमा फैलिएका अनियन्त्रित डढेलोका कारण करिब एक लाख १६ हजार मानिस घर छाड्न बाध्य भएका छन् ।

फ्रान्सको दक्षिणतर्फ रहेको ल्यान्डेस क्षेत्रमा लागेको अर्को डढेलोका कारण यस साता करिब ३० हजार मानिस विस्थापित भएका छन् । यससँगै दक्षिण-पश्चिम फ्रान्समा डढेलोका कारण घर छाड्न बाध्य हुनेको कूल संख्या दुई लाख ५० हजारभन्दा बढी पुगेको छ । *रासस⁄एपी*

# मध्यावधि चुनावमा ट्रम्पको परीक्षा, मतदान हुन १०० दिन बाँकी

**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाको मध्यावधि चुनाव हुन १०० दिन बाँकी रहँदा राष्ट्रपति डोनाल्ड ट्रम्पका रिपब्लिकनले प्रतिनिधिसभाको बहुमत गुम्न नदिन र सिनेटमा आफ्नो नियन्त्रण कायम राख्न कठिन प्रतिस्पर्धाको सामना गरिरहेका छन् ।

ट्रम्प नोभेम्बर ३ मा हुने मतदानमा उम्मेदवार नबन्ने भए पनि मध्यावधि चुनावको परिणाम उनका लागि महत्त्वपूर्ण हुने छ । डेमोक्रयाटले प्रतिनिधिसभामा बहुमत हासिल गरेमा उनीहरूले शक्तिशाली समितिको नेतृत्व र अनुसन्धान तथा छानबिनका लागि समान अधिकार पाउने छन् । यसले ट्रम्प प्रशासनमाथि दुई वर्षसम्म व्यापक अनुसन्धान हुनसक्ने र उनीविरुद्ध तेस्रो महाभियोगको प्रयाससमेत अघि बढ्न सक्ने सम्भावना छ ।

रिपब्लिकन यसपटक ऐतिहासिकरूपमा साँघुरो प्रतिनिधिसभा बहुमत, राष्ट्रपतिको कमजोर अनुमोदन दर तथा जीवनयापनको बढ्दो लागत र इरानसँगको युद्धप्रति मतदाताको असन्तुष्टिबीच चुनावी मैदानमा उत्रिएका छन् ।

अमेरिकी चुनावसम्बन्धी वेबसाइट डिसिजन डेस्क मुख्यालयले डेमोक्रयाटले प्रतिनिधिसभामा बहुमत हासिल गर्ने सम्भावना ५९ प्रतिशत रहेको आकलन गरेको छ । उसले डेमोक्रयाटको सम्भावित बहुमत २२४-२११ हुने प्रक्षेपण गरेको छ । राष्ट्रपतिको दलले सामान्यतया मध्यावधि चुनावमा सिट गुमाउने गरेको छ । यसपटक केही सीमित सिटमा हुने परिवर्तनले प्रतिनिधिसभाको नियन्त्रणमा प्रभाव पार्न सक्ने देखिएको छ ।

इरानसँगको युद्धले ऊर्जा बजारमा असर पारेको, मुद्रास्फीति अझै उच्च रहेको तथा ब्याजदर बढिरहेकाले अमेरिकी अर्थतन्त्रप्रति मतदाताको असन्तुष्टि बढेको छ । पेट्रोलको मूल्यसमेत प्रतिग्यालोन चार डलरभन्दा माथि पुगेको छ ।

डेमोक्रयाटले उद्धृत गरेका विभिन्न सर्वेक्षणले मुद्रास्फीति, स्वास्थ्य सेवा र आप्रवासनका विषयमा मतदाताको विश्वास रिपब्लिकनभन्दा डेमोक्रयाटतर्फ बढेको देखाएको दाबी गरेका छन् । हाउस डेमोक्रयाटिक नेता हकीम जेफ्रीजले बिहीबार किराना सामान, पेट्रोल, आवास र स्वास्थ्य सेवाको मूल्यलाई केन्द्रमा राखेर आफ्नो पार्टीको चुनावी अभियान घोषणा गर्दै ट्रम्प र रिपब्लिकनले अमेरिकी जनतालाई निराश पारेको आरोप लगाए ।

## 'सामान्य बुद्धिमत्ता' विरूद्ध प्रगतिशील एजेन्डा

रिपब्लिकनले भने आगामी चुनावलाई प्रतिनिधिसभाका सभामुख माइक जोनसनले भनेझैं 'सामान्य बुद्धिमत्ता' र बढ्दो प्रगतिशील डेमोक्रयाटिक पार्टीबीचको छनोटका रूपमा प्रस्तुत गर्ने तयारी गरेका छन् । उनीहरूले डेमोक्रयाटिक उम्मेदवारलाई 'समाजवादी वामपन्थी'सँग जोडेर प्रस्तुत गर्ने तथा सीमा सुरक्षा र कर कटौतीलाई प्रमुख चुनावी मुद्दा बनाउने योजना बनाएका छन् ।

ट्रम्पले पनि रिपब्लिकनका लागि उपलब्ध सबै राजनीतिक लाभ उठाउने प्रयास गरिरहेका छन् । उनले चुनावी धोखाधडी रोक्न आवश्यक रहेको भन्दै 'सेभ अमेरिका ऐन' पारित गर्न कंग्रेसका रिपब्लिकन सदस्यलाई दबाब दिँदै आएका छन् । डेमोक्रयाटले भने उक्त विधेयकलाई वैध मत दबाउने प्रयासका रूपमा आलोचना गरेका छन् ।

यसैबीच, दुवै दलले आफ्नो पक्षमा हुने गरी निर्वाचन क्षेत्रको नक्सा पुनःनिर्धारण गर्ने प्रयास गरेका छन् । रिपब्लिकनले यसबाट पाँचदेखि १२ सिटसम्म खुद लाभ लिन सक्ने अनुमान गरिएको छ । यसले अत्यन्तै प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको प्रतिनिधिसभाको चुनावमा राष्ट्रिय राजनीतिक वातावरणको प्रभावलाई केही हदसम्म कम गर्न सक्ने छ ।

जर्ज वासिङ्टन विश्वविद्यालयकी राजनीतिशास्त्रकी प्राध्यापक सारा बाइन्डरले यसपटकको निर्वाचन क्षेत्रमा पुनःनिर्धारण विशेष प्रभावकारी भएको बताइन् । उनका अनुसार प्रतिनिधिसभाका करिब २० निर्वाचन क्षेत्रमामात्र वास्तविकरूपमा कडा प्रतिस्पर्धा हुने देखिएको छ ।

'निर्वाचन क्षेत्र पुनःनिर्धारणले डेमोक्रयाटले ती सिटमा प्रतिस्पर्धा गर्न सक्ने आधारलाई वास्तवमै कमजोर बनाएको छ,' उनले एएफपीसँग भनिन् ।

रिपब्लिकनले चुनावी अभियानका लागि आर्थिक लाभसमेत हासिल गरेका छन् । पार्टीका अभियान समिति तथा सहयोगी समूह डेमोक्रयाटिक समकक्षीभन्दा करोडौं डलर बढी रकमसहित चुनावको अन्तिम चरणमा प्रवेश गरेका छन् ।

## सिनेटमा पनि कडा प्रतिस्पर्धा

सिनेटमा पनि प्रतिस्पर्धा उत्तिकै महत्त्वपूर्ण देखिएको छ । रिपब्लिकनसँग ५३-४७ को बहुमत रहेकाले डेमोक्रयाटलाई नियन्त्रण हासिल गर्न चार सिटको खुद लाभ आवश्यक हुने छ । डिसिजन डेस्क मुख्यालयले भने ५०-५० को बराबरी भए पनि उपराष्ट्रपति जेडी भान्सको निर्णायक मतका कारण रिपब्लिकनले सिनेटमा नियन्त्रण कायम राख्ने सम्भावना रहेको जनाएको छ ।

ट्रम्पका लागि प्रतिनिधिसभा र सिनेटमा फरक-फरक दलको नियन्त्रण भए पनि बाँकी कार्यकालमा ठूलो प्रभाव पर्ने छ । डेमोक्रयाटले प्रतिनिधिसभा नियन्त्रण गरेमा ट्रम्पको विधायकी एजेन्डा अवरुद्ध हुनसक्ने छ भने उनका अधिकारीले संसदीय छानबिन र सार्वजनिक सुनुवाइको सामना गर्नुपर्ने छ ।

डेमोक्रयाटले इरानसँगको युद्ध, प्रशासनको नैतिकता तथा निर्वाचन प्रणाली पुनःनिर्धारण गर्न ट्रम्पले गरिरहेका प्रयासलगायतका विषयमा अनुसन्धान अघि बढाउन सक्ने छन् । राजनीतिक विश्लेषक चक टोडले मध्यावधि चुनाव हुन १०० दिन बाँकी रहँदा रिपब्लिकन नौ महिनाअघि सिनेटमा 'स्पष्टरूपमा अगाडि' रहेको अवस्थाबाट अहिले 'झिनो अग्रता'को अवस्थामा पुगेको बताएका छन् ।

उनका अनुसार प्रतिनिधिसभाको चुनावमा डेमोक्रयाटले १० देखि २५ सिटसम्मको लाभ हासिल गर्न सक्ने सम्भावना छ । इकोनोमिस्ट⁄युगोभको पछिल्लो सर्वेक्षणमा ट्रम्पको लोकप्रियता पनि न्यून बिन्दुनजिक देखिएको छ । सर्वेक्षणमा ३६ प्रतिशत अमेरिकीलेमात्र राष्ट्रपतिका रूपमा उनको कार्यसम्पादनलाई अनुमोदन गरेका छन् । टोडले राष्ट्रपतिको अनुमोदन दर मध्यावधि चुनावको परिणाम अनुमान गर्ने सबैभन्दा महत्त्वपूर्ण सूचक भएको बताउँदै ट्रम्पको कमजोर अनुमोदन दरले रिपब्लिकनले प्रतिनिधिसभामा सिट गुमाउने सम्भावना बढाएको उल्लेख गरेका छन् । *रासस⁄एएफपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८७१०० | प्रति तोला – ० | प्रति तोला – ४४१० |



**चुरा पोतेको व्यापार** | काठमाडौंको इन्द्रचोकमा खरिद गर्न पोते हेर्दै सर्वसाधारण। साउनमा हरियो चुरा र पोतेको माग बढ्ने भएकाले इन्द्रचोकको पोते र चुरा पसलमा व्यापारीलाई पोते उन्न अहिले भ्याइनभ्याइ छ। *तस्बिरः रासस*

प्रवासी नेपालीलाई अर्थमन्त्रीको आग्रह

## मातृभूमिको विकासका निम्ति लगानी गरौं

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रवासी नेपालीलाई मातृभूमिको विकासका निम्ति लगानी गर्न आग्रह गरेका छन्।

अस्ट्रेलियाका नेपाली युवा उद्यमीसँग शनिबार भएको 'भर्चुअल' छलफलमा उनले 'एक पटकको नेपाली, सधैंको नेपाली' हौं भन्ने सरकार र पार्टीको धारणामा विश्वस्त रहन आग्रह गरेको मन्त्री वाग्लेको निजी सचिवालयले जानकारी दिएको छ।

प्रवासी नेपाली मुलुकका सद्भावनादूत भएकाले मातृभूमिप्रतिको आफ्नो कर्तव्य



निर्वाह गर्न प्रोत्साहन गर्दै अर्थमन्त्रीले देशको आर्थिक विकासका वर्तमान सरकार लागिपरेकाले त्यसमा प्रवासमा रहेकाहरूको साथ र सहयोगको अपेक्षा गरिएको बताए।

बजेटमार्फत अर्थतन्त्रको पुनरुत्थानका लागि कर, राजस्वलगायत उद्योगमैत्री नीति कार्यान्वयन गरिएकाले ढुक्क भएर लगानी गर्न उनले आग्रह गरे। लगानीको प्रतिफल पनि सहजरूपमा फिर्ता लैजान सकिने अर्थमन्त्रीले स्पष्ट गरे।

'हामीले सरकारका तर्फबाट एनआरएनए बन्ड, अफसोर बन्ड, वैकल्पिक वित्त परिचालनजस्ता रूपान्तरणकारी अवधारणा अघि सारेको नेपालमा तपाईंहरूको लगानी विस्तारका लागि हो,' अर्थमन्त्री वाग्लेले भने।

## नवप्रवर्तन, अनुसन्धान र कृत्रिम बुद्धिमत्तामा लगानी बढाउनुपर्नेमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले नेपाललाई ज्ञानमा आधारित अर्थतन्त्रतर्फ अघि बढाउन नवप्रवर्तन, अनुसन्धान तथा अत्याधुनिक प्रविधिमा लगानी बढाउनुपर्ने बताएका छन्।

सनवे कलेजद्वारा आयोजित इनोभेसन फेस्ट-२०२६ को उद्घाटन समारोहमा उनले विश्व चौथो औद्योगिक क्रान्तिको युगमा प्रवेश गरिसकेको उल्लेख गर्दै कृत्रिम बुद्धिमत्ता, रोबोटिक्स, ड्रोन प्रविधि, बिग डेटा, इन्टरनेट अफ थिङ्स, ब्लकचेन, क्वान्टम कम्प्युटिङ तथा जैविक प्रविधिले विश्व अर्थतन्त्र र उद्योगको स्वरूप परिवर्तन गरिरहेको बताए। उनले प्राकृतिक स्रोत वा सस्तो श्रमशक्तिभन्दा ज्ञान, अनुसन्धान, नवप्रवर्तन र प्रविधि नै राष्ट्रको प्रतिस्पर्धात्मक क्षमताको प्रमुख आधार बनेको उल्लेख गर्दै नेपालले पनि युवा जनशक्ति, सिर्जनशीलता र डिजिटल पहुँचलाई उत्पादनशील अर्थतन्त्रसँग जोड्न सके दक्षिण एसियाकै महत्त्वपूर्ण नवप्रवर्तन केन्द्र




बन्न सक्ने धारणा व्यक्त गरे।

अध्यक्ष अग्रवालले फेस्टले कृत्रिम बुद्धिमत्ता, रोबोटिक्स, ड्रोन प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन र भविष्यका सीप विकासलाई एकै मञ्चमा ल्याएको उल्लेख गर्दै यी क्षेत्रहरू नै भविष्यको रोजगारी, उद्योग, उत्पादन र आर्थिक विकासका आधारस्तम्भ रहेको बताए।

उनले कृत्रिम बुद्धिमत्ताले शिक्षा, स्वास्थ्य, कृषि, बैंकिङ, बिमा, पर्यटन, सार्वजनिक सेवा, उत्पादन तथा व्यापारका क्षेत्रमा नयाँ सम्भावना सिर्जना गरिरहेको उल्लेख गर्दै यसको प्रयोग पारदर्शिता, गोपनीयता, नैतिकता र मानव हितलाई केन्द्रमा राखेर गर्नुपर्नेमा जोड दिए। प्रविधिले मानवलाई विस्थापित गर्ने नभई अझ सक्षम बनाउने उद्देश्यका साथ विकास हुनुपर्ने तर्फ उनले जोड दिए।

रोबोटिक्सले औद्योगिक उत्पादन, स्वास्थ्य सेवा, स्वचालन, जोखिमपूर्ण कार्य तथा विपद् व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेलिरहेको उल्लेख गर्दै उनले नेपालको भौगोलिक अवस्थाअनुसार कृषि, वन संरक्षण, भू-नक्सांकन, पूर्वाधार निरीक्षण, विपद् उद्धार, औषधि ढुवानी तथा पर्यटन प्रवर्द्धनमा ड्रोन प्रविधिको व्यापक उपयोग गर्न सकिने बताए।

अध्यक्ष अग्रवालले अनुसन्धानविना नवप्रवर्तन सम्भव नहुने उल्लेख गर्दै विश्वविद्यालय, अनुसन्धान संस्था, निजी क्षेत्र र सरकारबीचको सहकार्यलाई संस्थागत गर्नुपर्नेमा जोड दिए। अनुसन्धानलाई प्रयोगशालामा सीमित नराखी उद्योग, बजार र समाजसँग जोड्नुपर्ने आवश्यकता उनले औंल्याए।

स्टार्टअप, इनक्युबेसन सेन्टर, एक्सेलेरेटर, भेञ्चर क्यापिटल तथा बौद्धिक सम्पत्ति अधिकारको प्रभावकारी संरक्षणमार्फत नवप्रवर्तनलाई प्रोत्साहन गर्नुपर्नेमा उनले जोड दिए। युवाहरूलाई रोजगारी खोज्नेमात्र होइन, रोजगारी सिर्जना गर्ने उद्यमशील सोचका साथ अघि बढ्न आग्रह गर्दै भविष्यमा सिर्जनशीलता, समस्या समाधान गर्ने क्षमता, डिजिटल सीप, नेतृत्व र निरन्तर सिकाइ नै सफलताको आधार हुने उनको भनाइ थियो।

## साउनभित्र उपत्यकामा डिडिसीका ३० 'आउटलेट' सञ्चालनमा आउँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** दुग्ध विकास संस्थान (डिडिसी)ले आफ्ना उत्पादन सहजै उपभोक्तामाझ पुऱ्याउने उद्देश्यले यही साउन महिनाभित्र काठमाडौं उपत्यकाका विभिन्न स्थानमा ३० 'आउटलेट' सञ्चालनमा ल्याउने तयारी गरेको छ।

उपभोक्ताको आवश्यकता र मागलाई ध्यानमा राखेर सेवा विस्तार गरिरहेको डिडिसीले नयाँ अवधारणा तथा मोडेलमा सेवा प्रवाह गर्ने तयारी थालेको हो। काठमाडौंको बूढानीलकण्ठ, वनस्थली, कलंकी, कोटेश्वर, नयाँ बानेश्वरलगायत क्षेत्रमा नयाँ आउटलेट सञ्चालनमा ल्याउने तयारी भइरहेको डिडिसीका महाप्रबन्धक डा. शरणकुमार पाण्डेले जानकारी दिए।

यसैबीच, डिडिसीले ऐतिहासिक तथा पर्यटकीय क्षेत्र वसन्तपुर डबलीमा आइतबारदेखि नयाँ सजावटसहितको 'आउटलेट' सञ्चालनमा ल्याएको छ। उक्त आउटलेटको महाप्रबन्धक पाण्डेले उद्घाटन गरे। आन्तरिक तथा बाह्य पर्यटकको उच्च




आवतजावत हुने वसन्तपुर क्षेत्रलाई लक्षित गर्दै स्थापना गरिएको यो आउटलेटबाट उपभोक्ताले डिडिसीका गुणस्तरीय दूध तथा दुग्धजन्य उत्पादन सहजै प्राप्त गर्न सक्ने छन्।

डिडिसीका उत्पादनप्रति उपभोक्ताको आकर्षण निरन्तर बढिरहेको छ। डिडिसीले साधारण र गाईको दूध, दही, मही, पनिर, घिउ, आइसक्रिम, रसबरी, फ्रेस दूधलगायत दुग्धजन्य उत्पादन बिक्री गर्दै आएको छ। निकट भविष्यमा उपत्यकाबाहिरका प्रमुख सहरमा पनि नयाँ आउटलेट सञ्चालन गर्ने लक्ष्य रहेको महाप्रबन्धक पाण्डेको भनाइ छ।

### अब डिडिसीका उत्पादन अनलाइनमा

डिडिसीले आफ्ना उत्पादनलाई अनलाइन माध्यमबाट पनि बिक्रीवितरण गर्ने योजना अघि सारेको छ। केही दिनभित्र अनलाइन मार्केटिङ सुरु हुने महाप्रबन्धक पाण्डेले जानकारी दिए। 'हामी अनलाइन डिजिटल मार्केटिङमा जाँदै छौं, 'सब्सक्रिप्सन' गरेका भरमा अनलाइनबाट डिडिसीका उत्पादन पाउन सकिन्छ, यो सेवा दुई/चार दिनमा सुरु हुन्छ,' उनले भने, 'सहज ढंगबाट डिडिसीको उत्पादन उपभोक्ताको घरमै पुऱ्याउने उद्देश्यका साथ काम भइरहेको छ।'

## एकीकृत भन्सार भवन छिटो सम्पन्न गर्न निर्देशन

**काठमाडौं (प्रस)–** गृहमन्त्री सुधन गुरूङले विगत आठ वर्षदेखि निमार्णाधीन रसुवागढीस्थित एकीकृत भन्सार कार्यालयको निर्माण कार्य छिटो सम्पन्न गर्न निर्देशन दिएका छन्।

निरीक्षणका लागि त्यहाँ पुगेका गृहमन्त्री गुरुङले कामदारको संख्या बढाएर द्रुत रूपमा निर्माणको काम अगाडि बढाउन आग्रह गरे। उनले ठेक्का लिएर आलटाल गरी बस्ने ठेकेदार कम्पनी र काममा तदारूकता नदेखाउने प्राविधिक वा अनुगमनकर्ता उपर कारबाही हुने बताए। सुरूआतको आठ वर्ष बित्दा पनि निर्माणमा अत्यन्तै ढिलासुस्ती गरिरहेको अवस्थामा गृहमन्त्री गुरूङको निर्देशनले भवन समयमै बन्नेमा आशावादी रहेका स्थानीय बासिन्दाले बताएका छन्।

रसुवागढी क्षेत्रको निरिक्षण पश्चात् गृहमन्त्री गुरूङले त्यस भेगमा खटिएका भन्सारका कर्मचारी एवं सुरक्षाकर्मीलाई निर्देशन दिँदै सीमा क्षेत्रको सुरक्षा मजबुद पार्न, सेवा प्रवाह छिटो छरितो तवरले सम्पादन गर्न आग्रह गरे। गृहमन्त्री गुरूङको भ्रमणले यहाँ कार्यरत सुरक्षाकर्मीको मनोवल बढेको इलाका प्रहरी कार्यालय टिमुरेका प्रहरी निरीक्षक विक्रम कुँवरले बताए।

## वर्षायाममा पनि चितवनमा पर्यटकको चहलपहल

**चितवन–** सरकारले सप्ताहान्तमा दुई दिन सार्वजनिक बिदाको व्यवस्था गरेसँगै जिल्लाका पर्यटकीय गन्तव्यमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको पाइएको छ। वर्षायामको परवाह नगरी आन्तरिक तथा विदेशी पर्यटकको आगमन बढेसँगै यहाँका पर्यटन व्यवसायी उत्साहित भएका छन्।

सौराहा, पटिहानी, जगत्पुर, मेघौलीलगायत प्रमुख पर्यटकीय क्षेत्रमा विगतका वर्षको तुलनामा यस वर्ष पर्यटकको आगमन बढेको व्यवसायीहरूले बताएका छन्। आन्तरिक पर्यटकसँगै चिनियाँ र भारतीय पर्यटकको आगमन उल्लेख्यरूपमा पनि बढेको उनीहरूको कथन छ।

क्षेत्रीय होटल संघ चितवनका महासचिव महेश खनालका अनुसार वर्षायाममा सामान्यतया पर्यटकीय गतिविधिमा सहभागी हुने पर्यटकको हिस्सा करिब ३० प्रतिशत रहने गरे पनि यस वर्ष समग्र होटलको अकुपेन्सी करिब ५० प्रतिशत पुगेको छ।

उनका अनुसार सातामा दुई दिन बिदा लागू भएपछि गत वर्षको यही अवधिको तुलनामा आन्तरिक पर्यटक करिब २५ प्रतिशतले बढेका छन्। विद्यालय तथा कलेजमासमेत बिदा परेकाले आन्तरिक पर्यटन थप चलायमान भएको उनले बताए।

भारतीय पर्यटकको संख्या पनि बढ्दो क्रममा रहेको उनले जानकारी दिए। सडक पूर्वाधारका कारण अपेक्षाअनुसार पर्यटक भित्रिन नसकेको उल्लेख गर्दै आउन चाहेका केही आन्तरिक तथा विदेशी पर्यटक अन्य गन्तव्यतर्फ गएको उनको भनाइ छ। पोखरालगायत पहाडी गन्तव्यमा भारतीय पर्यटकको आगमन उल्लेख्य रहेको उनले बताए।

केही वर्षअघिसम्म वर्षायाममा सौराहाका कतिपय होटल बन्द हुने अवस्था रहे पनि पछिल्ला वर्षमा होटल व्यवसाय विस्तार भएसँगै वर्षायामलाई लक्षित गरी बजार प्रवर्द्धनसमेत गर्न थालिएको छ। क्षेत्रीय होटल संघ चितवनका पूर्वअध्यक्ष तथा होटल संघ नेपालका केन्द्रीय सदस्य सुमन घिमिरेले सातामा दुई दिनको बिदाले पर्यटन क्षेत्र प्रत्यक्षरूपमा लाभान्वित भएको बताए। उनका अनुसार दुई दिनमध्ये एक दिन पर्यटकको चाप कम भए पनि अर्को दिन उल्लेख्य वृद्धि हुने गरेको छ।

केही दिनअघि भारतको कोलकाता भ्रमणका क्रममा त्यहाँका पर्यटन व्यवसायीले नेपाललाई यस वर्ष आकर्षक गन्तव्यका रूपमा लिन थालेको जानकारी दिएका उनले बताए। भारतीय सरकारले विदेशी मुद्रा सञ्चिति बढाउने नीति अवलम्बन गरेको, मध्यपूर्वमा जारी द्वन्द्वका कारण अन्य गन्तव्यप्रति आकर्षण घटेको तथा थाइल्यान्डले भिसा प्रक्रियामा कडाइ गरेकाले भारतीय पर्यटकले नेपाल रोज्न थालेका उनको विश्लेषण छ। यसको प्रभाव सौराहामा पनि परेको उनले बताए। सडकलगायत भौतिक पूर्वाधार भएमा अझ धेरै पर्यटक आकर्षित हुने उनको ठम्म्याइ छ।

क्षेत्रीय होटल संघ चितवनका पूर्वअध्यक्ष दीपक भट्टराईले पनि दुईदिने बिदाका कारण अघिल्ला वर्षको तुलनामा यो वर्ष पर्यटक बढेका बताए। दुई दिन बिदा हुँदो आन्तरिक पर्यटकको आगमन बढेको उनको अनुभव छ।

दुईदिने सार्वजनिक बिदाको प्रभाव जिल्लाका अन्य पर्यटकीय गन्तव्यमा पनि परेको छ। पटिहानीस्थित होटल जंगल भिल्लाका सञ्चालक गणेश पौडेलले गत वर्षको तुलनामा यस वर्ष पर्यटक बढेका र त्यसको प्रमुख कारण दुईदिने बिदा भएको बताए।

सौराहामा हाल १४१ होटल सञ्चालनमा छन्। पश्चिम चितवनका पटिहानी, जगतपुर र मेघौलीमा पनि सुविधासम्पन्न होटल छन्। यिनको दैनिक १० हजार पर्यटकलाई सेवा दिनसक्ने क्षमता छ। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं–७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ